लोकतन्त्रप्रति पूर्ण समर्पित

साप्ताहिक

# नयाँ विमर्श

Naya Bimarsha Weekly

वर्ष १९, अंक ३२, २०८२ चैत्र ६ गते शुक्रबार (March 20, 2026) मू.अ.क.नं.३०४९७३८१५ मूल्य रू.१०।- (संस्थागत रु.१५।- ) website: www.nayabimarsha.com

## आदर्शलाई च्याप्दा प्रधानमन्त्री विवादमा



काठमाडौं/ आम निर्वाचन २०८२ सफलतापूर्व सम्पन्न गरेर चर्चा बटुल्नु भएकी प्रधानमन्त्री सुशीला कार्की जाने बेलामा विवादमा तानिनु भएको छ। नवनिर्वाचित सांसदलाई सत्ता हस्तान्तरणको तयारीमा रहनु भएकी प्रधानमन्त्री कार्कीले गत साता बसेको मन्त्रिपरिषद् बैठकमा आफ्नो प्रमुख स्वकीय सचिव आदर्श श्रेष्ठलाई प्रकृति संरक्षण कोषमा ५ वर्षका लागि नियुक्ति गरेपछि विवादमा पर्नु भएको हो।

देश राजनीतिक अस्थिरताको भूमरीमा परेको बेला निकास दिएर लयमा फर्काउन सफल प्रधानमन्त्री कार्कीले आफ्नै मन्त्रिपरिषद्का सदस्य एवं गृहमन्त्री ओमप्रकाश अर्याललाई रिक्त राष्ट्रियसभाको सदस्यमा मन्त्रिपरिषद्को सिफारिसमा पठाउने निर्णय गरेपछि बाँकी ७ पृष्ठमा

# गगनको राजीनामा अस्वीकृत हुने

## नैतिकतालाई धन्यवाद

**भक्तपुर/ गगन कुमार थापाले "नैतिक जिम्मेवारी" लिँदै नेपाली कांग्रेसको सभापति पदबाट दिएको समाचार बाहिरिएको छ। उहाँले बुधबार नै उपसभापति विश्वप्रकाश शर्मामार्फत राजीनामा पेश गरेको भनी भनिएको छ। उक्त विषय आज बस्ने कांग्रेसको केन्द्रीइ समितिको बैठकमा पेश गरिने बताइएको छ। राजीनामाका विषयमा केन्द्रीय समितिले लिने निर्णयबाट नै थापाको निरन्तरता वा विश्राम भन्ने कुरा अघि आउने बताइएको छ। कांग्रेस निकट स्रोतका अनुसार थापाले हालै सम्पन्न निर्वाचन परिणामलाई लिएर राजीनामा गर्नु भएको हो। पराजयको जिम्मेवारी लिँदै राजीनामा आए पनि त्यो विषयलाई कांग्रेसको केन्द्रीय समितिको बैठकले मात्र निर्णय गर्न सक्ने बताइएको छ।**

थापाको राजीनामाले नेपाली राजनीतिमा केवल एउटा नेतृत्व परिवर्तन मात्र होइन, दलगत संस्कार, शक्ति सन्तुलन र भविष्यको दिशाबारे गहिरो बहस जन्माएको बताइन्छ। करिब साढे सात दशक लामो इतिहास बोकेको कांग्रेसभित्र नेतृत्वको यस्तो शैलीमा बहिर्गमन हुनु दुर्लभ घटनामध्ये पर्छ, जसले यसलाई सामान्य राजनीतिक घटनाभन्दा बढी संरचनात्मक संकेतका रूपमा उभ्याएको छ।

२०७९ सालको १४औं महाधिवेशनपछि कांग्रेसभित्र देखिएको पुस्तान्तरणको बहसका बीच उदाएका थापा पार्टीभित्र अपेक्षाकृत फरक शैलीका नेता मानिनु हुन्छ। उहाँ नेतृत्वमा आएपछि संगठन सुदृढीकरण, नीति स्पष्टता र युवा सहभागिताको सवाललाई प्राथमिकतामा राख्ने प्रयास भएको देखिए पनि व्यवहारमा पार्टीको निर्णय प्रक्रिया अझै परम्परागत शक्ति केन्द्रहरूकै वरिपरि घुमिरहेकै आरोप लाग्दै आएको थियो। पछिल्लो एक वर्षमा सरकार सञ्चालनमा पार्टीको भूमिकामाथि उठेका प्रश्न, संसदीय रणनीतिमा अस्पष्टता र आन्तरिक असन्तुष्टिले नेतृत्वमाथि दबाब बढाउँदै लगेको पृष्ठभूमिमा आएको यो राजीनामा आकस्मिक जस्तो देखिए पनि त्यसका संकेतहरू पहिल्यै देखिन थालेका थिए।

नेपाली राजनीतिमा नैतिकताको आधारमा पद त्याग गर्ने अभ्यास कमजोर रहँदै आएको सन्दर्भमा सभापति थापाको कदम प्रतीकात्मक रूपमा महत्वपूर्ण मानिन्छ। यसको प्रभाव केवल नैतिक सन्देशमा सीमित रहनेछ कि दलको संरचनामा ठोस परिवर्तन ल्याउनेछ भन्ने प्रश्न अहिलेको

## महाधिवेशनको तयारी



केन्द्रमा छ।

अन्तर्राष्ट्रिय लोकतान्त्रिक अभ्यासमा यस्ता कदमहरूले संस्थागत सुधारलाई गति दिने गरेका उदाहरण छन्, तर नेपालजस्तो गुटीय संरचनामा आधारित दलहरूमा भने यस्ता घटनाले प्रायः शक्ति संघर्षलाई तीव्र बनाउने गरेको विगत देखिन्छ।

राजीनामापछि नेपाली कांग्रेस भित्र देखिन सक्ने अवस्था बहुआयामिक हुनसक्छ। पहिलो, नेतृत्व शून्यता दीर्घकालीन भयो भने पार्टीको निर्णय प्रक्रिया सुस्त हुन सक्छ। कांग्रेसको केन्द्रीय कार्यसमिति, जसमा करिब ८०-८५ सदस्य छन्, अहिले राजीनामा स्वीकृत गर्ने वा नगर्ने निर्णायक तहमा छ। यदि छिटो निर्णय हुन सकेन भने संगठनात्मक अन्योल बढ्नेछ। दोस्रो, गुटगत प्रतिस्पर्धा तीव्र हुने लगभग निश्चित छ। विगतमा पनि नेतृत्व परिवर्तनका बेला देखिएको शक्तिसंघर्षले पार्टीलाई विभाजित मानसिकतामा धकेल्ने गरेको छ, र यसपटक पनि त्यही दोहोरिने जोखिम देखिन्छ।

तेस्रो र अझ महत्वपूर्ण पक्ष भनेको कांग्रेसको वैचारिक र रणनीतिक दिशा हो। थापाले नेतृत्व सम्हालेपछि पार्टीलाई बाँकी ७ पृष्ठमा

## काँग्रेसको गढमा घण्टीलाई भोट परेपछि ...

काठमाडौं/ आम निर्वाचन २०८२ सफलतापूर्वक सम्पन्न भएको छ। आगामी साता झण्डै दुईतिहाई (२ मत कम) ल्याएको राष्ट्रिय स्वतन्त्र पार्टीले सरकार गठन गर्दैछ। यो निर्वाचनमा पुराना भनिएका दलहरु लगभग किनारा लाग्न पुगेका छन्।

रास्वपाले प्रत्यक्षमा १२५ र समानुपातिकमा ५७ गरी १८२ सिट हात पारेको छ। बहुमतका लागि आवश्यक पर्ने १८४ सिटमा धनुषा-१ का रास्वपा उम्मेदवार किशोरी साहको पक्षमा नतिजा आए स्वतन्त्र सांसद महावीर पुनलाई मिलाएर दुइ तिहाई पुऱ्याउने र संविधान लगायतका अनावश्यक झण्झटिला कानूनहरु संशोधन गरिने चर्चा राजनीतिक वृत्तमा चलेको छ। यसो भयो भने सरकारले ५ वर्षसम्म ढुक्कले काम गर्न पाउनेछ। जनताले यही आशाले सुशासन, समृद्धि र दण्डहीनताको आशाले रास्वपाको पक्षमा मत ओइऱ्याइदिएका हुन्। काँग्रेस, एमाले र तात्कालीन माओवादीको सिण्डिकेटले उकुस-मुकुस एवं वाक्क भएका जनताले यसपटक रास्वपालाई मौका दिएका छन्।

यस पटक काँग्रेसबाट आक्रोशित बनेर रास्वपामा छिरेकाहरुले बाहेक काँग्रेसका सकृय सदस्य, महासमिति सदस्य तथा नेताहरुले समेत नेपाली काँग्रेस जिन्दावाद भन्दै भोट केमा घण्टीमा भनेर ५ वर्षलाई मत परिवर्तन गरेका छन्। काँग्रेसले कूल ३८ सिट ल्याउँदा ८२ ठाउँमा दोश्रो बनेको छ। काँग्रेसको गढ मानिने ठाउँमा पनि घण्टीलाई भोट परेको छ। बाँकी ७ पृष्ठमा

## डा. राउतले राजनीतिबाट सन्यास लिए



काठमाडौं/ जनमत पार्टीका अध्यक्ष डा. चन्द्रकान्त (सि.के.) राउतले संसदीय राजनीतिबाट सन्यास लिने घोषणा गर्नु भएको छ। २०७९ को निर्वाचनमा प्रतिनिधिसभाको निर्वाचन जितेर संसदीय राजनीतिमा उदाउनु भएका राउत ३ वर्षमै मधेशको राजनीतिबाट विस्थापित बन्न पुगेपछि राजनीतिलाई छाडेर जनताको सेवाबाट अलग बन्ने अवस्था आएको हो।

२०७९ को निर्वाचनमा ५ सिट प्राप्त गरी राष्ट्रिय दल बनेको जनमत पार्टी २०८२ फागुन २१ को निर्वाचनमा एक सिट पनि प्राप्त गर्न नसकी सटर बन्द गर्ने अवस्थामा पुगेको हो। डा. राउतलाई सप्तरी २ बाट रास्वपाका उम्मेदवार रामजी यादवले पराजित गर्नु भएको हो। मधेशी जनताको नाममा सत्ताको भऱ्याङ चढेर आफ्नो स्वार्थपूर्ति गर्दै आएका जनमत पार्टी लगायत अन्य राजनीतिक दलहरु पनि फागुन २१ को बाँकी ७ पृष्ठमा

# रास्वपालाई पहिलो गाँसमै ढुंगा !

अनुसा थापा

भक्तपुर/ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने र वरिष्ठ नेता बालेन्द्र शाहले निर्वाचन जितेमा देशमा कायापलट हुन्छ भन्नेहरु ग्यास र पेट्रोल नपाएको गुनासो पोख्न थालेका छन्। 'चुपचाप घण्टीमा छाप' भन्दै रास्वपालाई मतदान गर्नेहरुले सरकार गठन नहुँदै रोइलो शुरु गरेका छन्।

ग्यास र पेट्रोल नपाएको, सामानमा चर्को मूल्यवृद्धि भएको उनीहरुको गुनासो छ। ग्यास र पेट्रोलको लागि लाम बस्न परेपछि उनीहरुले रास्वपाको विरोध थालिसकेका छन्। मध्यपूर्वमा तनाव जारी रह्यो भने बालेनको सरकार लामो समय टिक्दैन। फेरि मध्यावलीमा जानुपर्ने हुनसक्छ।

पुराना दलले काम गर्न नसकेको आरोप लगाएर रास्वपा राजनीतिमा उदायो। काम गर्ने अब हामी नै हौं भन्दै जनतामा भ्रम छरियो। जनताले पनि रास्वपाको सरकार आएमा के-के न हुन्छ भनेर आँखा चिम्लेर मतदान गरे। अब तिनै जनता ग्यास र पेट्रोल माग्दै सडकमा आउने छन्।

बालेन र रवि सरकारको दिनगन्ती शुरु भयो। कहाँबाट पेट्रोल र ग्यास ल्याउँदा रहेछन् ? जनताको पेट पाल्दा रहेछन् ? हेरौं न। फागुन १६ गते अमेरिकाले इरानमा आक्रमण गऱ्यो। त्यहाँको सर्वोच्च नेताको मृत्यु भएपछि मध्यपूर्वमा तनाव बढेको छ। जसका कारण इन्धन र ग्यास आउन सकेको छैन।

नेपालमा इन्धन र ग्यासको उत्पादन हुँदैन। अब बन्ने सरकारले कसरी यो समस्याको समाधान गर्छ ? लाइन बस्न पर्नेबित्तिकै घण्टीलाई मतदान गर्नेहरु आगो भएका छन्। घण्टी भन्दै परिवारको पूरै सदस्यलाई रास्वपामा मतदान गर्न लगाउनेहरु आफूलाई परेपछिविरोध गर्न थालेका छन्।

जनताको आशा अपेक्षा धेरै छ। 'पहिलो गाँसमा ढुंगा' भनेझैं रास्वपालाई भएको छ। ग्यास र इन्धन नपाएपछि, महंगो मूल्य तिर्न परेपछि जनता सडकमा आइहाल्छन्। त्यतिबेला रास्वपाले के गर्छ ? बाहिरबाट इन्धन आएन भने कहाँबाट ल्याएर जनतालाई दिउन् ? ग्यास आएन भनेर जनतालाई भोकभोकै राख्न मिलेन ? विदेशमा भएकाहरुले पनि आफ्ना परिवारलाई रास्वपामा मत (भोट) हाल्न लगाए। अब उनीहरुलाई स्वदेश फर्किन समस्या छ। रास्वपाको बाँकी ७ पृष्ठमा

# २०८२ को जनादेश र नेपालको राजनीति



प्रसङ्गवश

कौशल कुमार भट्टराई

हालै सम्पन्न प्रतिनिधिसभा निर्वाचन २०८२ केवल अर्को संसदीय अभ्यास मात्र होइन भन्ने रुपमा बुझ्नु जरुरी छ। यो तीन दशकदेखि चलिरहेको राजनीतिक अभ्यासमाथि जनताले दिएको गम्भीर मूल्याङ्कन पनि हो। मतदाताले यसपटक केवल प्रतिनिधि मात्र छानेनन् –उनीहरूले राजनीतिक संस्कृतिलाई नै प्रश्न गरेको देखिएको छ।

पछिल्ला ३५ वर्षको नेपालको राजनीतिक यात्रा हेर्दा एउटा विरोधाभास स्पष्ट देखिन्छ। एकातिर लोकतन्त्र, गणतन्त्र र संघीयता जस्ता ऐतिहासिक उपलब्धिहरू हासिल भएका छन्। यसैगरी अर्कातिर राजनीतिक अस्थिरता, कमजोर शासन र अपेक्षाभन्दा कम आर्थिक विकासले जनताको निराशा पनि उत्तिकै बढाएको छ।

यही पृष्ठभूमिमा आएको २०८२ को जनादेशलाई बुझ्न तथ्य, तुलनात्मक विश्लेषण र राजनीतिक प्रवृत्तिको अध्ययन आवश्यक हुन्छ।

### १. निर्वाचनमा बदलिँदो जनमत

नेपालको पछिल्ला तीन प्रतिनिधिसभा निर्वाचनको तुलना गर्दा मतदाताको मनोविज्ञानमा स्पष्ट परिवर्तन भएको देखिन्छ।

**२०७४ प्रतिनिधिसभा निर्वाचन**

नेकपा (एमाले)- १२१ सिट
नेपाली कांग्रेस- ६३ सिट
माओवादी केन्द्र- ५३ सिट
अन्य- ३८ सिट

यस निर्वाचनमा वाम गठबन्धनले लगभग दुई तिहाई नजिकको शक्ति हासिल गरेको थियो। जनताले स्थिर सरकारको अपेक्षामा स्पष्ट बहुमत दिएका थिए।

**२०७९ प्रतिनिधिसभा निर्वाचन**

नेपाली कांग्रेस- ८९ सिट
नेकपा (एमाले)- ७८ सिट
माओवादी केन्द्र- ३२ सिट
राष्ट्रिय स्वतन्त्र पार्टी- २० सिट
अन्य- ५६ सिट

२०७९ मा परिणाम उल्लेखनीय रूपमा विभाजित भयो। कुनै पनि दलले स्पष्ट बहुमत ल्याउन सकेन। नयाँ दलहरूको उदय र स्वतन्त्र उम्मेदवारहरूको सफलता जनतामा बढ्दो असन्तुष्टिको संकेत थियो त्यो।

**२०८२ प्रतिनिधिसभा निर्वाचन**

२०८२ को परिणामले भने राजनीतिक समीकरणलाई नै उल्टाइदिएको छ। परम्परागत दलहरूको प्रभाव घट्दै गएको र नयाँ राजनीतिक शक्तिले उल्लेखनीय जनसमर्थन प्राप्त गरेको देखिन्छ।

यसले एउटा स्पष्ट सन्देश दिएको छ कि जनता अब स्थिरता मात्र होइन, परिणाममुखी शासन पनि चाहन्छन्। बाँकी ७ पृष्ठमा

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
कालीगण्डकी कोरिडोर (बेनी–जोमसोम–कोरला) सडक योजना
जोमसोम, मुस्ताङको सूचना

शाखा सडकको कारण मूल सडकमा सिर्जना हुन सक्ने जोखिम न्यूनीकरणका केही उपायहरू

सामरिक महत्वका सडक (मूल सडक) सँग जोडिएर निर्माण हुने प्रादेशिक स्थानीय सडक (शाखा सडक) को कारण दुर्घटनाको जोखिम बढेको र ती शाखा सडकहरुको अव्यवस्थाको कारण मूल सडकको मर्मत सम्भारको लागत समेत बढेकोले शाखा सडकको कारण मूल–सडकमा सिर्जना हुन सक्ने जोखिम न्यूनीकरणको लागि Roadside Slope Management अन्तर्गत निम्न अनुसारको उपायहरु अवलम्वन गर्न जरुरी हुने।

१) मूल-सडक र शाखा सडकको Junction मा RCC Covered Drain निर्माण गर्न उपयुक्त हुने
२) शाखा सडकबाट collect हुने Drain Water को आवश्यक व्यवस्थापन गर्नुपर्ने
२) मूल सडक र शाखा सडकको Junction मा टेवा पर्खाल आवश्यक भए, सो को निर्माण गर्न उपयुक्त हुने
४) Paved मूल-सडकको हकमा जोडिएका शाखा सडकको न्यूनतम ५० मि. सम्म Paving गर्न उपयुक्त हुने
५) शाखा सडकको Disposed Soil, मूल सडकमा Debries को रुपमा आउन सक्ने जोखिम भएको भए, Up–Hill मा Gabion Catch निर्माण गर्न उपयुक्त हुने
६) जोखिम न्यूनीकरणको कार्य गर्दा Planning stage मा स्थानीय निकायसँग समन्वय गर्नुपर्ने
७) Junction मा अनिवार्य Junction को Traffic Sign Post राखेको हुनुपर्ने
८) सार्वजनिक सडक ऐन २०३१ को दफा १९.१ को प्रावधान अनुसार, नयाँ शाखा सडक निर्माणको लागि स्वीक्ति लिनुपर्ने प्रावधानको पालन गर्नु पर्ने
९) नयाँ शाखा सडक निर्माणको सकभर प्रथम १०० मि. सम्म ४-५% ग्रेड कायम गराउन उपयुक्त हुने

–योजना प्रमुख

लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

# दिउँसोको भोजन



मूल: अमरकान्त
अनुवाद: प्रकाशप्रसाद उपाध्याय

सिद्धेश्वरीले दिउँसोको भान्सा तयार पारेपछि चुलो निभाइन् र दुवै घुँडाका बीच शिर राख्दै तल भुइँमा हिँडिरहेका कमिलाहरूको बथानलाई हेर्न थालिन्। एकाएक उनलाई धेरै बेरदेखि लागेको प्यासको सम्झना भएर आयो। हतारिएर उनी उठिन् र लोटाले गाग्रोबाट पानी झिक्दै घटघट पिउन थालिन्। पानी मात्रै खाँदा पेटमा कतै शूल उठेको अनुभव भयो र 'हरे राम' भन्दै उनी त्यहीँ ढलिन्।

लगभग आधा घण्टासम्म त्यसैगरी पल्टेपछि उनलाई बल्ल प्राण फर्केर आएको अनुभव भयो। उठेर बसिन् र आँखा मिच्दै यताउति हेर्न थालिन्। अनि उनको नजर त्यो जर्जर खटियामाथि पर्यो, जसमाथि उनको पाँच वर्षको छोरो प्रमोद सुतिरहेको थियो। नाङ्गै सुतेकाले उसका घाँटी र छातीका हाडहरू टड्कारै देखिन्थे। उसका हात प्राण नभएको बासी ककडीसरह लाग्दै थिए। मुख खुल्ला रहेकाले त्यसको वरिपरि झिंगाहरू भन्किरहेका थिए।

उनी उठिन् र बालखको मुखलाई आफ्नो एउटा पुरानो र मैलो चोलोले ढाक्दै केही बेर नियालिरहिन्। अनि झ्यालबाट गल्लीतर्फ हेर्न लागिन्। बाह्र बजिसकेको थियो। घाम चर्को भएकाले गल्लीमा हिँडडुल गर्ने मानिसहरू तौलिया वा गम्छाले शिरलाई ढाक्दै वा छाताको छाया पार्दै फटाफट हिँडिरहेका थिए।

उनी दशपन्ध्र मिनेटजति त्यसैगरी उभिइरहिन्। अनि उनको अनुहारमा व्यग्रताको भाव पनि उत्पन्न हुन थाल्यो। बाहिर आकाश र चर्को घामको रापलाई चिन्ताको भावका साथ हेर्न थालिन्। केही बेरपछि शिरलाई ढोकाबाट बाहिर निकालेर टाढा टाढासम्म गल्लीमा नजर पुर्याउने कोशिश गर्दा उनलाई जेठो छोरो रामचन्द्र सुस्तरी आइरहेको अनुभव भयो।

उनले हतारिँदै एक लोटा पानी ओसराको चौकी मुन्तिर राखिदिइन् र भान्साघरमा गएर खाने ठाउँलाई चाँडचाँडै लिप्न थालिन्। त्यहाँ पिर्का ओछ्याएर टाउको यसो घुमाएकी मात्र थिइन् कि रामचन्द्र घरभित्र छिरे।

रामचन्द्र आएर चौकीमाथि डङ्गङ लडे र निर्जीव प्राणीसरह त्यहीँ पल्टिइराखे। उनको अनुहार रातो देखिँदै थियो। केश खजमजिएका थिए र फाटेको पुरानो जुत्तामाथि धुलोका पत्र जम्मा भएका देखिन्थे।

सिद्धेश्वरीलाई पहिले त छोरानजिक जाने साहस भएन र त्यहीँबाट उनले भयाक्रान्त मृगिणीसरह छोरालाई व्यग्रतापूर्वक हेरिराखिन्। तर दश मिनेट बित्दा पनि जब रामचन्द्र उठेनन् अनि उनी आत्तिइन्। नजिक पुगेर डाकिन्- "बड्कु, बड्कु।"

छोराले जबाफ नफर्काउँदा उनी डराइन् र उनका नाकसामु हात लगिन्। सास राम्ररी चलिरहेको थियो। अनि निधारमाथि हात राखिन्। ज्वरो थिएन। हातको स्पर्श चाल पाएर रामचन्द्रले आँखा खोले। आमालाई उभिएको देख्दा उठेर बस्न थाले। जुत्ता फुकाले र चौकीमुन्तिर राखिएको लोटाको पानीले हातमुख धोएर आएपछि चौकीमाथि फेरि थचक्क बसे।

सिद्धेश्वरीले डराई डराई सोधिन्- "खाना तयार छ, यहीँ ल्याऊँ कि ?"

रामचन्द्रले सोधे- "बाबाले खाइसक्नुभो ?"

सिद्धेश्वरीले भान्साघरतिर जाँदै गर्दा जबाफ दिइन्- "आउँदै हुनुहोला।"

रामचन्द्र पिर्कामाथि बसे। उमेर एक्काइस वर्षजति होला। लामा, दुब्ला पातला, गोरो वर्ण, ठूलाठूला आँखा। चाउरिएको ओठ। एउटा स्थानीय अखबारमा प्रुफरिडरको काम सिक्दै थिए। पोहोर मात्रै इन्टर पास गरेका।

सिद्धेश्वरीले खानेकुराको थाल ल्याएर उनीसामु राखिन् र बसेर पङ्खा हम्कन थालिन्। रामचन्द्रले खाने सामग्रीलाई दार्शनिक दृष्टिले हेरे। जम्मा दुईओटा रोटी, कचौराभरि दालको पातलो झोल र चनाको भुटुवा।

रामचन्द्रले रोटीको पहिलो टुक्रा चपाउँदै सोधे- "मोहन कता छ नि ? बाहिर साह्रै चर्को घाम छ।"

मोहन सिद्धेश्वरीको माहिलो छोरो हो। अठार वर्षको छ। र यो वर्ष हाइस्कुलको जाँच प्राइभेट रूपमा दिने तयारी गर्दै छ। कता गएको हो, स्वयम् सिद्धेश्वरीलाई थाहा छैन। तर रामचन्द्रलाई ढाँट्न खोज्दै भन्छिन, "कुनै साथीकहाँ पढ्न भनी गएको होला। आउँदै होला। तेज दिमाग भएको केटो छ। चौबिसै घण्टा पढ्नपट्टि नै ध्यान हुन्छ। जति बेला पनि त्यही कुरा गरिराख्छ।"

रामचन्द्रले केही बोलेनन्। रोटीको अर्को टुक्रा मुखमा राख्दै एक गिलास पानी खाए र रोटी चपाउन थाले। सानसाना टुक्रा पार्दै रोटी चपाई चपाई बिस्तारै खाइरहेका थिए।

'सिद्धेश्वरी मनमा एउटा डर र त्रास राख्दै छोरालाई एकटकले हेर्दै थिइन्। केही बेर मौन बसेपछि डराई डराई सोधिन्- "त्यता केही भयो के ?"

रामचन्द्रले आफ्ना ठूल्ठूला भावहीन आँखाले आमालाई हेरे र शिर निहुर्याउँदै रुखो स्वरमा भने- "समय आएपछि सबै ठीक हुनेछ।"

सिद्धेश्वरी चूप लागिन्। बाहिर सूर्यदेवले आगो बर्साउँदै थिए। माथि आकाशमा घुमिरहेको बादलको एउटा टुक्राले सानो आँगनमा छायाँ पार्दै थियो। बाहिर गल्लीबाट गुज्रिरहेको एक्काको आवाज सुनिँदै थियो 'खट-खट-खट' र यता खटियामा सुतिरहेको छोराको सासबाट घरघरको आवाज निस्किरहेको थियो।

रामचन्द्रले मौनता भङ्ग गर्दै सोधे, "प्रमोदले खाइसक्यो ?"

सिद्धेश्वरीले प्रमोदतर्फ हेर्दै उदास स्वरमा भनिन्– "अँ, खाइसक्यो।"

"रोएको त थिएन ?"

सिद्धेश्वरीले फेरि झुटो बोल्दै भनिन्, "अहँ, आज त पटक्कै रोएन। साह्रै ज्ञानी छ। भन्थ्यो दाजुनिर जान्छु। यस्तो छोरो...।"

यसअगाडि केही बोल्न सकिनन्। घाँटीमा केही अड्केकोजस्तो लाग्यो। हिजो प्रमोदले रेबडी खान हठ गरेको थियो र डेढ घण्टासम्म रोएपछि मात्रै सुतेको थियो।

रामचन्द्रले आश्चर्यभावका साथ आमापट्टि हेरे र फेरि शिर निहुर्याउँदै छिटोछिटो खान थाले।

थालमा एउटा मात्रै रोटी शेष रहेको देख्दा सिद्धेश्वरीले उठ्न खोज्दै सोधिन्– "एउटा रोटी अरू ल्याऊँ ?"

रामचन्द्रले हात हल्लाई 'पर्दैन' भन्ने सङ्केत गर्दै भने- "अहँ, चाहिन्न। मेरो पेट पहिले नै भरिसकेको छ। मलाई त यो पनि बढी हुन्छ कि जस्तो लाग्दै छ। अब भयो। एकदम पर्दैन।"

सिद्धेश्वरीले जिद्दी गर्दै भनिन्– "ल, आधा त लेऊ।"

रामचन्द्र रिसाए। "कोचेर खुवाएर बिरामी पार्ने सुर छ कि कसो ? तपाईंहरू केही बुझ्नुहुन्न। खाली आफ्नै कुरामा अड्डी लिने गर्नुहुन्छ। भोक भएको भए मागिहाल्थें नि।"

सिद्धेश्वरीले बसेको बसै गरिन्। रामचन्द्रले थालमा उब्रेको रोटी त्यसै छाड्दै लोटातर्फ हेरे र भने- "आमा, पानी दिनोस् त।"

सिद्धेश्वरी लोटा लिएर पानी झिक्न गइन्। रामचन्द्रले कचौरालाई औंलाले बजाए र हात थालमाथि राख्दै रोटीको उब्रेको टुक्रालाई एकछिन नियाली बसे। अनि बिस्तारै हातले उठाएर यताउति हेर्दै रोटीको त्यो टुक्रालाई मुखभित्र यसरी हाले मानौं त्यो रोटी नभई पानको खिल्ली होस्।

माहिलो छोरा मोहनले आउनेबित्तिकै हातखुट्टा धोयो र खानका निम्ति पिर्कामा बस्यो। ऊ अलि श्याम वर्णको थियो र उसका आँखा अलिक साना थिए। अनुहारमा बिफरको दाग थियो। ऊ पनि दाजुसरह नै दुब्लो पातलो थियो तर लामो थिएन। आफ्नो उमेरअनुसार ऊ अलिक गम्भीर र उदास स्वभावको देखिन्थ्यो।

सिद्धेश्वरीले उसका सामुन्ने थाल राख्दै सोधिन्- "यतिका बेर कता थियौ बेटा ? दाजु पिर मानेर सोध्दै थिए।"

मोहनले रोटीको एउटा ठुलो गाँस निल्न खोज्दै अस्वाभाविक धोत्रे स्वरमा भन्यो- "कतै गएको थिइनँ। यतैतिर थिएँ।"

सिद्धेश्वरी त्यहीं बसेर पत्ता हम्किँदै यो किसिमले बोल्न थालिन् मानौं सपनामा बरबराइरहेकी हुन्। बडकु तिम्रो निकै तारिफ गर्दै थियो। भन्दै थियो- "मोहनको दिमाग साह्रै तेज छ। चौबिसै घण्टा उसलाई पढ्ने ध्याउन्न मात्र हुन्छ।"

यति भन्दै उनले माहिलोलाई यो किसिमसँग हेरिन् मानौं उनले कुनै कुरो चोरेर बसेकी हुन्।

मोहनले आफ्नी आमातर्फ हेर्दै हल्का हाँसो हाँस्यो र रोटी चपाउनपट्टि लाग्यो। पस्किएका दुईओटा रोटीमध्ये एउटा रोटी, कचौराको तीन चौथाइ दाल र तरकारी लगभग खाइसकेको थियो। सिद्धेश्वरी बुझ्न सकिरहेकी थिइनन् कि उनी अब के गरुन्। यी दुवै छोराहरूबाट उनलाई असाध्यै डर लाग्दथ्यो। अकस्मात् उनका आँखा टलपलाएर आए। उनी अर्कोपट्टि हेर्न थालिन्।

केही बेरपछि छोरातिर हेर्दा उसले आफ्नो खाना लगभग सिध्याइसकेको थियो।

सिद्धेश्वरीले झस्कँदै भनिन्- "एउटा अर्को रोटी ल्याउँछु ?"

मोहनले भान्साघरपट्टि रहस्यमय तरिकाले हेर्‍यो र सुस्त श्वरमा भन्यो- "चाहिँदैन।"

सिद्धेश्वरीले कर गर्दै भनिन्- "लेऊ न बेटा, एउटा त ही। तिम्रो दाजुले पनि एउटा मात्रै खायो।"

मोहनले आफ्नी आमालाई ध्यानपूर्वक हेर्यो। फेरि सुस्तरी यसप्रकार भन्न थाल्यो जसप्रकार कुनै शिक्षकले आफ्ना विद्यार्थीलाई सम्झाउँदै भन्दछन्। "पर्दैन मैयाँ। एक त भोक छैन, अर्कोतिर तिमीले रोटी यस्तो पकाएकी छौ कि खान सकिँदैन। कस्तो न कस्तो स्वादको। तैपनि तिमी चाहन्छौ भने यो कचौरामा अलिकति दाल थपिदेऊ। दाल मिठो छ।"

सिद्धेश्वरी केही बोल्न सकिनन्। उनले कचौरामा दाल थपिदिइन्।

मोहन कचौराको दाल पिउँदै थियो कि मुन्सी चन्द्रिकाप्रसाद जुत्ता घिसार्दै भित्र पसे र रामको नाउँ जप्दै चौकीमाथि बसे। सिद्धेश्वरीले शिरमाथिको साडीको सप्कोलाई केही तल तानिन् र मोहन एक सासमै दाल पिएर हातमा लोटा लिएर तेज गतिका साथ हात धुन निस्क्यो।

दुई रोटी, कचौराभरि दाल र चनाको भुटुवा तरकारी। मुन्सी चन्द्रिकाप्रसाद पिर्कामा पलेंटी कसेर रोटीको एक एक गाँस बिस्तारै चपाउँदै यसरी खाइरहेका थिए जसरी कुनै बुढी गाई पागुर गर्दै बसेकी छे। उमेरले पैतालिस वर्षका भए पनि उनी पचास पचपन्नका देखिन्थे। शरीरको छाला लत्रिन थालेको थियो, तालु खुइलेको शिर ऐनाझैँ टल्किरहेको थियो। खुइलिएर मैलो देखिएको धोतीमाथिको गन्जीमा प्वालैप्वाल देखिन्थे।

मुन्सीजीले कचौरालाई उठाउँदै एक घुट्को दाल घुटुक्क निले र सोधे- "बड्कु देखिँदैन नि !"

सिद्धेश्वरीले एकतमासको अनुभव गरिन्। के हुन लागेको हो, केही बुझ्न सकिनन्। कुनै कीरोले टोकेकोजस्तो आभास भयो। अलि जोरले हम्कँदै भन्न थालिन्, "केही अघि मात्रै खाएर काममा निस्क्यो। भन्दै थियो- केही दिनभित्र जागिर पाइहाल्छु। जति बेला पनि 'बाबुजी, बाबुजी' गरिराख्छ र भन्ने गर्छ बाबुजी त देवतातुल्य हुनुहुन्छ।"

मुन्सीजीको अनुहार उज्यालो भएर आयो। अनि लाज मानेकोजस्तो गरी सोधे, "के भन्थ्यो रे, बाबुजी देवतासमान हुनुहुन्छ ? बहुला छ।"

सिद्धेश्वरीलाई नशा लागेको जस्तो भयो। विक्षिप्त रोगीसरह बरबराउन थालिन्– "बहुला होइन, अत्यन्त समझदार छ, उस जमानाको कुनै महात्मा हुनुपर्छ। मोहन त उसको निकै प्रशंसा गरिबस्छ। आज भन्दै थियो कि यो सहरमा दाजुको बडो इज्जत हुन्छ, पढ्ने लेख्नेहरूमाझ आदरभाव हुन्छ। बड्कु पनि भाइहरू भनेपछि हुरुक्क हुन्छ। दुनियाँमा उसले सबै थोक सहन सक्दछ तर प्रमोदलाई केही भएको ऊ सहन सक्दैन।"

मुन्सीजी औंलामा टाँसिएको दाल चाट्न थाले। अगाडिपट्टि हेर्दै र हाँस्दै भन्न थाले, "बड्कुको दिमाग तेज छ, यद्यपि बालखमा साह्रै चञ्चल स्वभावको थियो। जति बेला पनि खेलकुदमै लागिरहने। तर मैले घोक्न दिएको पाठ भने कण्ठाग्र गर्दथ्यो। वास्तवमा तीनैजना छोराहरू निकै बुद्धिमान् छन्। प्रमोदलाई तिमी के कम ठान्दछौ ?" भन्दै उन्मुक्त हाँसो हाँस्न 'थाले।

डेढोटा रोटी खाइसकेपछि मुन्सीजी एउटा गाँससित भने जुध्दै थिए। चपाउन गाह्रो भएपछि एक गिलास पानी घुट्क्याए। अनि ख्वाकख्वाक खोक्न थाले।

वातावरण एकक्षणका निम्ति निस्तब्ध भयो। टाढाबाट गहुँ पिँध्ने चक्कीबाट 'पुकपुक'को आवाज आउँदै थियो। नजिकको निमको बोटमाथि बसेको ढुकुर 'ढुकुरकुर ढुकुरकुर' गर्दै कुर्लिरहेको थियो।

सिद्धेश्वरी के कुरा गर्ने भन्ने सोचमा डुबेकी थिइन्। यद्यपि उनी सबै कुरा सोध्ने र राम्ररी जान्ने बुझ्ने चाहना राख्दथिन्। दुनियाँको हरेक मामिलामा खुलेर कुरा गर्न चाहन्थिन्। तर उनलाई साहस हुँदैनथ्यो। उनको मनभित्र कुन्नि कुन किसिमको एउटा डर पसेको थियो। यता मुन्सीजी पनि केही नबोली यसरी खाइरहेका थिए मानौं उनले दुई दिनदेखि मौनव्रत धारण गरेका छन् र आज साँझ परेपछि नै त्यो तोड्नेवाला छन्।

सिद्धेश्वरीलाई असह्य भएजस्तो लाग्यो। भन्न थालिन्- "अब पानी पर्ने छाँट छैन।"

मुन्सीजीले एकक्षण यताउति हेरे, अनि निर्विकार स्वरमा भने- "झिंगाहरू पनि धेरै भएका छन्।"

सिद्धेश्वरीले जिज्ञासा प्रकट गर्दै सोधिन्- "फुपाजु बिरामी हुनुहुन्थ्यो, कुनै खबर आयो ?"

मुन्सीजीले चनाका गेडालाई बडो उत्सुकताका साथ यसप्रकार हेरे मानौं त्यससित उनी केही प्रश्न सोध्न चाहन्छन्।

अनि भने- "गङ्गाशरण बाबुकी छोरीको बिहे छिनिएछ। केटो एम.ए. उत्तीर्ण रहेछ।"

सिद्धेश्वरी चुप लागिन्। मुन्सीजीले पनि अगाडि केही कुरा गरेनन्। खाइसकेको भए पनि थालमा छरिएका गेडाहरूलाई बाँदरले बटुलेसरह बटुल्न थाले।

सिद्धेश्वरीले भनिन्- "एउटा रोटी अरू ल्याउँछु। राम्ररी खानोस्। जेठोको कसम, भित्र भाँडोमा अरू पनि छन्।"

मुन्सीजीले पत्नीपट्टि कुनै अपराधीसरह र भान्साघरतिर छड्के नजरले हेरे। अनि भन्न थाले, "भयो पर्दैन। पेट टन्न भएको छ। रोटी र गेडागुडीले मन तृप्त भएको छ। तिमीले व्यर्थमा कसम हाल्यौ। ल तिम्रो कसमको पालना गर्न लिँदै छु। गुड छ के ?"

हाँडीमा अलिकति गुड भएको कुरा सिद्धेश्वरीले बताइन्।

मुन्सीजीले उत्साहपूर्वक भने- "ल, उसो भए अलिकति गुडको ठन्डा रस बनाऊ। त्यही पिउने छु। तिम्रो कसमको पालना पनि हुने छ र स्वाद पनि फेरिने छ। अनि पाचनतन्त्र पनि सही हुने छ। रोटी खाँदा खाँदा थाकियो।" यति भन्दै अट्टहास गर्न थाले।


मुन्सीजी हात धुन उठेपछि सिद्धेश्वरी उनको जुठो थाल लिएर भान्साघरभित्र पसिन् र खान बस्दै कसौंडीको दाल कचौरामा खन्याइन्। कचौरा आधा भरियो। कराहीमा अलिकति चना उब्रेको थियो। त्यसलाई आफूनजिक तानिन्। रोटी राखेको भाँडो पनि तानिन्। त्यसमा एउटा मात्रै रोटी थियो। मोटो, भद्दा र ठाउँ ठाउँमा डामिएको। त्यसलाई थालमा राख्न के थालेकी थिइन् कि एकाएक उनको नजर ओसरामा सुतिरहेको प्रमोदमाथि पर्यो। केही बेर उसतर्फ हेरिरहिन् र रोटीलाई दुई टुक्रा पारिन्। एउटा टुक्रा भाँडामै छुट्याइन् र अर्को टुक्रा आफ्नो थालमा राखिन्। अनि एक लोटा पानी झिकिन्। मुखमा एउटा गाँस हाल्न पाएकी थिइनन् कि आँखाबाट आँसुका बलिन्द्र धारा बग्न थाले।

घरभरि झिंगाहरू भन्किरहेका थिए। आँगनमा झुन्ड्याइएको डोरीमा कैयौं ठाउँमा टालिएको एउटा मैलो धोती फैलिरहेको थियो। दुवै ठूला छोराहरू कता गए, पत्तो थिएन। बाहिर कोठामा मुन्सीजी मस्तसित कोल्टो फेर्दै सुतिरहेका थिए मानौं डेढ महिनाअघि घर बहाल नियन्त्रण विभागको क्लर्कको जागिरबाट उनको पजनी भएको थिएन र बेलुकी कुनै कामको खोजीमा जानुपर्ने पनि छैन।

साहित्यपोस्ट

# न्यूक्यासलमा विद्यार्थी जीवन र शैक्षिक अनुभव

स्पन्दन भट्टराई



अष्ट्रेलियाको न्यूक्यासल शहर अध्ययनरत विद्यार्थीहरूका लागि मात्र नभई प्राकृतिक सौन्दर्य र सांस्कृतिक विविधताको दृष्टिले पनि आकर्षक स्थान हो। सिड्नीको करिब १६० किलोमिटर उत्तरमा अवस्थित न्यूक्यासल टापु र समुद्रको नजिकको भौगोलिक अवस्थाले यसलाई शान्त र व्यवस्थित शहर बनाएको छ। समुद्रको छेउमा पर्ने भएकाले यहाँको मौसम समुद्री प्रभावयुक्त हुन्छ–ग्रीष्ममा हल्का तातो र जाडोमा चिसो तर अत्यन्त कडा नभएको जस्तो महसुस हुने गर्दछ। यो जलवायु विद्यार्थी जीवनका लागि आरामदायी मानिन्छ।

भौगोलिक रूपमा न्यूक्यासलको प्रमुख विशेषता यसको समुद्री किनार र नदी प्रणाली हो। हन्टर नदी (Hunter River) शहरको केन्द्रमा बग्छ र यसले उद्योग, आवास तथा मनोरञ्जन क्षेत्रमा भूमिका खेल्छ। नदी र समुद्र किनारले मात्र होइन, वरिपरिका हरियाली क्षेत्र र पार्कहरूले पनि विद्यार्थीहरूलाई प्राकृतिक वातावरणमा समय बिताउने अवसर दिन्छ। समुद्र किनारमा पाइलट प्रोजेक्ट, सर्फिङ र पैदल यात्रा जस्ता गतिविधिहरू विद्यार्थी जीवनको हिस्सा बनेका छन्।



यहाँ अध्ययन गरिरहेका नेपाली विद्यार्थीहरुको मुखबाट, "न्यूक्यासलमा अध्ययन गर्दा केवल कक्षा मात्र होइन, प्रकृतिसँग घुलमिल हुने अवसर पनि पाइन्छ। हन्टर नदी किनारमा बिहानको व्यायाम, बीचमा साथीहरूसँग समय बिताउने र हरियालीमा अध्ययन गर्ने वातावरण अत्यन्त मनमोहक छ।" भन्ने गरेको सुन्न पाइन्छ।

शहरको शैक्षिक वातावरणले पनि यसलाई विशिष्ट बनाएको छ। यहाँको प्रमुख विश्वविद्यालय, University of Newcastle, विश्वस्तरको शिक्षाका लागि परिचित छ। विश्वविद्यालयको क्याम्पस समुद्र र हरियालीको दृश्यसँग घेरिएको छ, जसले विद्यार्थीहरूलाई अध्ययनमा केन्द्रित रहन प्रेरित गर्छ। शिक्षकहरू सहयोगी र अन्तर्राष्ट्रिय विद्यार्थीमैत्री छन्। कक्षाको अतिरिक्त अनुसन्धान परियोजना र सामाजिक कार्यक्रमहरूले विद्यार्थीलाई व्यावहारिक अनुभव प्रदान गर्ने गरेको अनुभव यहाँका विद्यार्थीहरुले सुनाउने गरेका छन्।

न्यूक्यासलको ऐतिहासिक पृष्ठभूमि पनि रोचक छ। शहर पहिले कोइला खानी र औद्योगिक केन्द्रको रूपमा प्रसिद्ध थियो। आज यो शैक्षिक, पर्यटन र सांस्कृतिक केन्द्रको रूपमा विकास भएको छ। पुराना औद्योगिक संरचना र आधुनिक भवनहरूको मिश्रणले शहरको पहिचान बनाएको छ। विद्यार्थीहरूले यस ऐतिहासिक दृष्टिले पनि शहरलाई बुझ्ने अवसर पाउँछन्, जसले अध्ययन र स्थानीय अनुभवलाई जोड्छ।

सामाजिक र सांस्कृतिक दृष्टिले न्यूक्यासल बहुसांस्कृतिक शहर हो। यहाँ विभिन्न देशका विद्यार्थीहरू अध्ययन गर्छन्, जसले अन्तर्राष्ट्रिय दृष्टिकोण र अनुभवको अवसर दिन्छ। नेपाली विद्यार्थीहरूको सानो समुदाय पनि यहाँ सक्रिय छ, जसले चाडपर्व मनाउने, नयाँ आउनेलाई सहयोग गर्ने र परम्परागत संस्कृतिसँग जोडिन मद्दत गर्ने गर्छ।

व्यावहारिक पक्षमा पनि न्यूक्यासल विद्यार्थीजीवनको लागि अनुकूल छ। यहाँ पार्ट-टाइम रोजगारका अवसर उपलब्ध छन्, जसले विद्यार्थीहरूलाई आर्थिक रूपमा आत्मनिर्भर बन्न सहयोग गर्छ। "अध्ययनसँगै काम गर्न पाइने भएकाले खर्च व्यवस्थापन सजिलो हुन्छ," यहाँका विद्यार्थीहरुको अनुभव यस्तै हुने गरेको छ। शहरको सुरक्षा, स्वास्थ्य सेवा र सार्वजनिक यातायात प्रणाली पनि सहज र भरोसायोग्य छन्।

भौगोलिक दृष्टिले शहरको समुद्र, नदी र हरियालीले मात्र होइन, वरिपरिको क्षेत्र–जस्तै मेलबर्न, सिड्नी जस्ता ठूलो शहरसँगको दूरीले पनि विद्यार्थीलाई शहरको सानो र आरामदायी तर सुविधायुक्त वातावरण अनुभव गराउँछ। न्यूक्यासलको हल्का समुद्री जलवायुले विद्यार्थीलाई तनावमुक्त र अध्ययनमा केन्द्रित रहने वातावरण दिन्छ।

विद्यार्थी जीवनको अनुभवबाट बुझिन्छ कि न्यूक्यासल केवल शैक्षिक यात्रा मात्र होइन, व्यक्तिगत विकास र सामाजिक अनुकूलनको स्थान पनि हो। विद्यार्थीले यहाँको भौगोलिक वातावरण, प्राकृतिक सौन्दर्य र बहुसांस्कृतिक समाजसँग घुलमिल भएर जीवन सिक्ने अवसर पाउँछन्। न्यूक्यासलले शैक्षिक डिग्री मात्र नदिई, जीवन बुझ्ने दृष्टिकोण र अन्तर्राष्ट्रिय अनुभव पनि दिएको यहाँ रहेका विद्यार्थीहरुले यसरी अनुभव व्यक्त गर्ने गर्दछन्।

सारांशमा, न्यूक्यासल अध्ययनरत विद्यार्थीका लागि आदर्श शहर हो। यसको शान्त वातावरण, प्राकृतिक सौन्दर्य, विश्वस्तरीय शिक्षा, सांस्कृतिक विविधता र सुरक्षित जीवनशैलीले विद्यार्थी जीवनलाई पूर्णता प्रदान गर्छ। यहाँको भौगोलिक अवस्थाले मात्र नभई सामाजिक र शैक्षिक अवसरहरूले पनि विद्यार्थीलाई अध्ययनका साथै व्यक्तिगत विकासको अवसर दिन्छ। यही कारणले न्यूक्यासलमा अध्ययन गर्नु केवल शैक्षिक यात्रा नभई जीवन अनुभवको अमूल्य हिस्सा बन्न पुग्छ।




अधिवक्ता मित्रहरु **मधुकुमार चौलागाइँ, यज्ञमणि न्यौपाने** र **गणेश धिमाल**ज्यू राष्ट्रिय स्वतन्त्र पार्टीबाट उम्मेदवार बनी हालै सम्पन्न प्रतिनिधिसभाको सदस्य पदमा निर्वाचित हुनु भएकोमा उहाँहरुलाई हार्दिक बधाइ ज्ञापन गर्दछु।

संसदीय यात्रामा शुभकामना दिँदै उहाँहरुको अनुभव तथा विज्ञताले नेपालको अबको राजनीतिमा नयाँ तथा आवश्यक सही कानूनहरु निर्माणका लागि उहाँहरुको भूमिका सही सावित होस् भन्ने कामनासहित सुखद कार्यकालको लागि कामना पनि गर्दछु।

**कौशल कुमार भट्टराई (अधिवक्ता)**
काठमाडौं



कौशलकुमार भट्टराई



कृष्ण लम्साल



पिएमणि भट्टराई



हरि शरण जमकटेल



गम्भीर ब. हाडा

लोकतन्त्रप्रति पूर्ण समर्पित

साप्ताहिक

नयाँ विमर्श

Naya Bimarsha Weekly

प्रधान-सम्पादक/प्रकाशक : कौशल कुमार भट्टराई (९८५११३८२३७)
सम्पादक : कृष्ण लम्साल (९८५१३२२६३२, ९८४१३५१३५६)
कार्यकारी सम्पादक : पिएमणि भट्टराई (९८४३१०९६२०)
वरिष्ठ संवाददाताः आर. अर्याल
अन्तर्राष्ट्रिय समाचार संयोजकः एस. भट्टराई
सल्लाहकारः सह-प्राध्यापक गम्भीर बहादुर हाडा
कानुनी सल्लाहकार : अधिवक्ता हरि शरण जमकटेल
आई.टी.प्रमुखः स्पन्दन भट्टराई
प्रधान कार्यालय : मध्यपुर थिमी-३, भक्तपुर
काठमाडौँ-कार्यालय : बबरमहल, काठमाडौं, फोनः ०१-४२६७०६४
इमेल : nayabimarsha@gmail.com
मुद्रण : सप्तर्षि पब्लिकेशन प्रा.लि., मित्रपार्क, काठमाडौं

## मननीय कुरा

**"परिवर्तन जीवनको नियम हो र जो केवल विगत वा वर्तमानलाई हेर्छन् उनीहरूले भविष्य गुमाउने निश्चित छ।"**

- जोन एफ. केनेडी

**"शिक्षा भविष्यको लागि राहदानी हो, किनकि भोलि तिनीहरूको हो जसले आज यसको लागि तयारी गर्छन्।"**

- माल्कम एक्स

**"एक शिक्षित दिमागमा सधैं उत्तर भन्दा बढी प्रश्नहरू हुनेछन्।"**

- हेलेन केलर

**"हाम्रो सबैभन्दा ठूलो प्राकृतिक स्रोत हाम्रा बच्चाहरूको दिमाग हो।"**

- वाल्ट डिज्नी

**"बिस्तारै बढ्न नडराउनुहोस्; स्थिर उभिन मात्र डराउनुहोस्।"**

- चिनियाँ उखान

## सम्पादकीय..................

### मध्यपूर्वको युद्धले नेपाली श्रमिकमा असर

मध्यपूर्वमा जारी युद्ध र द्वन्द्वले त्यहाँ कार्यरत नेपाली श्रमिकहरूको अवस्था थप जटिल र संवेदनशील बनाएको छ। वैदेशिक रोजगारी विभागका अनुसार करिब १५ लाखभन्दा बढी नेपाली श्रमिकहरू विभिन्न खाडी तथा मध्यपूर्वी देशहरूमा कार्यरत छन्। तीमध्ये ठूलो संख्या कतार, साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स, कुवेत र इजरायल जस्ता देशहरूमा केन्द्रित छन्। हालको युद्धको प्रभावले यी श्रमिकहरूको सुरक्षा, रोजगारी र मानसिक स्वास्थ्यमा गम्भीर असर परेको छ।विशेषगरी इजरायल र आसपासका क्षेत्रमा बढ्दो द्वन्द्वका कारण नेपाली श्रमिकहरू प्रत्यक्ष जोखिममा परेका छन्। २०२३ को अन्त्यतिर भएको आक्रमणमा १० जना नेपाली विद्यार्थीको ज्यान गएको घटना अझै ताजा छ। यसले युद्धग्रस्त क्षेत्रमा रहेका नेपालीजनको असुरक्षा कति गम्भीर छ भन्ने स्पष्ट देखाउँछ। अहिले पनि सयौं नेपाली असुरक्षित क्षेत्रमा काम गर्न बाध्य छन्।

आर्थिक रूपमा हेर्दा, नेपालले वैदेशिक रोजगारीबाट ठूलो परिमाणमा रेमिट्यान्स प्राप्त गर्दै आएको छ। नेपाल राष्ट्र बैंकका अनुसार आर्थिक वर्ष २०७९/८० मा करिब १२ खर्ब रुपियाँभन्दा बढी रेमिट्यान्स भित्रिएको थियो, जसको ठूलो हिस्सा मध्यपूर्वबाट आउने गरेको छ। युद्धका कारण धेरै कम्पनीहरू बन्द हुने, कामदार कटौती हुने तथा तलब रोकिने समस्या बढ्दै गएको छ। यसले नेपालकै अर्थतन्त्रमा पनि नकारात्मक असर पार्न सक्ने खतरा देखिएको छ।युद्धका कारण मानसिक तनाव पनि ठूलो समस्या बनेको छ। असुरक्षित वातावरण, परिवारसँगको दूरी र भविष्यप्रतिको अनिश्चितताले श्रमिकहरूमा चिन्ता, डर र तनाव बढाएको छ। कतिपयले स्वदेश फर्कन चाहँदा पनि सहज रूपमा फर्कन नसक्ने अवस्था छ। उडान अवरोध, कागजी प्रक्रिया र आर्थिक अभावले उनीहरू थप समस्यामा परेका छन्।

यस्तो अवस्थामा नेपाल सरकारको भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ। हालसम्म केही उद्धार प्रयासहरू गरिए पनि अझ व्यवस्थित र प्रभावकारी योजना आवश्यक देखिन्छ। जोखिमयुक्त क्षेत्रमा रहेका नेपालीको तथ्यांक अद्यावधिक गर्ने, दूतावासमार्फत निरन्तर सम्पर्कमा रहने र आवश्यक परे तत्काल उद्धार गर्ने व्यवस्था गर्नुपर्छ। स्वदेश फर्किएका श्रमिकहरूलाई पुनःस्थापना र रोजगारीका अवसर प्रदान गर्नु पनि उत्तिकै आवश्यक छ। अन्ततः, मध्यपूर्वको युद्धले नेपाली श्रमिकहरूको जीवनमा गहिरो असर पारिरहेको छ। उनीहरू केवल श्रमिक मात्र होइनन्, नेपालको अर्थतन्त्रका आधारस्तम्भ हुन्। त्यसैले उनीहरूको सुरक्षा, अधिकार र सम्मान सुनिश्चित गर्न राज्यले तत्काल र दीर्घकालीन दुवै खालका नीति अवलम्बन गर्नु आवश्यक छ। मानवीय संवेदनशीलता र जिम्मेवारीबोधसहित यस समस्याको समाधान खोज्नु आजको अपरिहार्य आवश्यकता हो।

# पर्यटनको विकासमा नयाँ सरकारको ध्यान कसरी ?



-गम्भीर बहादुर हाडा
अधिवक्ता तथा सह-प्राध्यापक, अर्थशास्त्र
भक्तपुर बहुमुखी क्याम्पस (अवकाशप्राप्त)

पर्यटन प्राचीनकालदेखि नै मानवको लोकप्रिय विषयको रूपमा रहेको छ। मानिस सभ्यताको शुरुआतदेखि नै टाढाटाढासम्म यात्रा गर्दै आइरहेको छ। प्राचीन कालमा सबैभन्दा पहिले भ्रमणको लागि निक्लने यात्रीहरूमा फोनेसियनहरूको नाम लिन सकिन्छ। आधुनिक युगमा यिनीहरू नै प्रथम पर्यटकहरूको रूपमा थिए। कुक लगायत कयौं यात्रीहरूको प्रयासलाई मध्यनजर राख्दै अठारौं शताब्दीलाई यात्राको सुनौलो युग मानिएको छ। खासगरी सन् १९६३ देखि सन् १९९३ सम्मको ३० वर्षको अवधिमा यात्राको क्षेत्रमा भएको प्रगति उल्लेखनीय मानिन्छ। उन्नाइसौं शताब्दीको पहिलो ५० वर्षमा विश्वमा ठूलो वैज्ञानिक र प्राविधिक उन्नति भयो। बीसौं शताब्दीको प्रारम्भसँगै पर्यटनका सम्पूर्ण अवयवहरूमा आमूल परिवर्तनको स्थिति सृजना भएको देखिन्छ।

कुनै पनि विदेशमा अथवा अर्को देशमा २४ घण्टा वा २४ घण्टाभन्दा बढी समय र सय दिन भन्दा कम अर्थात् ९९ दिनसम्म भ्रमण गर्दछ भने त्यसलाई पर्यटकको रूपमा लिइन्छ। कुनै व्यक्तिले ९९ दिनभन्दा बढि समयसम्म अर्को देशमा अटुट भ्रमण गर्दछ भने त्यस्तो व्यक्तिलाई पर्यटकको रूपमा गणना नगरी घुमक्कड (Excurtionists) मा गणना गरिन्छ।

Excurtionists ले जस्तै लामो समयसम्म अध्ययनको लागि आउने, नाता कुटुम्ब कहाँ आई बस्ने, विभिन्न प्रशिक्षण तथा अनुसन्धानको रूपमा आउने र स्थायी बसोवास गर्नका लागि आउने आदिलाई जनाउँदछ। यसरी नै धेरै अवधिसम्मको लागि आउने विदेशीहरूमा विदेशी राजदूतावास, कन्सुलेट आदि कर्मचारीहरू, अन्तर्राष्ट्रिय संघ संस्थाको लागि आउने विशेषज्ञहरू तथा कर्मचारीहरू, सामाजिक सुधार संघ संस्थानमा आई काम गर्ने कर्मचारीहरू आदि हुन्छन्। पर्यटक जसले ९९ दिनभन्दा कम समयसम्म एकै देशमा भ्रमण गर्दछ जो ९९ दिन पुग्नु अवधिभित्र अर्को देशमा केही दिन भ्रमण गरी फेरी त्यही देशमा फर्केर भ्रमण गर्दछ भने त्यस्ता विदेशीलाई पर्यटकको रूपमा लिइन्छ।

पर्यटन त्यस्तो विषयमा मात्र सम्बन्धित गरिएको छ जो घरबाट बाहिर स्वदेश वा विदेशमा छोटो अवधिका लागि यात्रा गर्दछ र उसले कमाउने उद्देश्य नराखी मनोरञ्जन, स्वास्थ्य, अध्ययन वा अन्य भिन्न परिवेशको अनुभव बटुल्दछ।

**पर्यटकलाई दुई भागमा विभाजन गर्न सकिन्छः**

(क) देशीय पर्यटक जसले आफ्नै देशको सीमाभित्र भ्रमण गर्दछ। जसका लागि आफ्नै देशको पैसा प्रयोग गर्दछ र यसले धर्म, भाषा, संस्कृति एवं अन्य विषयमा प्रायः फरक पनको महसुस गर्दैन।

(ख) अन्तर्राष्ट्रिय पर्यटक भन्नाले कुनै विदेशी २४ घण्टाभन्दा बढी विदेशमा बस्ने गर्दछ तर जसले स्थायी बसोबास वा कमाउने उद्देश्य राख्दैन र उसले भ्रमण अघि भ्रमण स्थल, प्रज्ञापन पत्र (visa) विदेशी मुद्रा (foreign currency), भाषा (language), संस्कृति आदिका बारेमा चासो एवं तयारी गर्नुपर्ने हुन्छ। (श्रोतः उद्धव पुरी, पर्यटन र यात्रा, तलेजु प्रकाशन, प्रथम संस्करण २०५७, पेज नं. २२)।

नेपालमा गगनचुम्बी चुचुराहरू, सांस्कृतिक र धार्मिक संयोजनको कारण विश्वका विभिन्न मुलुकहरूबाट बढ्दो मात्रामा पर्यटकहरू आकर्षित भइरहेका छन्। विश्वका उच्च हिमशिखरहरूको आरोहण गर्नेदेखि लिएर मानसिक शान्ति प्राप्त गर्न, विश्व शान्तिका अग्रदूत गौतम बुद्धको जन्मस्थल हेर्न तथा अन्य विभिन्न उद्देश्यले यहाँ आउने पर्यटकहरूको संख्यामा प्रतिवर्ष वृद्धि भएबाट आर्जित विदेशी मुद्राको परिमाणमा पनि वृद्धि भइरहेको पाइन्छ।

नेपालमा पर्यटन उद्योगको विकासका लागि ठूलो सम्भावना छ। नेपालमा आफ्नै किसिमको एक अनौठो र विलक्षण भौगोलिक विशेषता पाइन्छ। यस देशमा प्राचीन संस्कृति, कला र कौशलका अनुपम नमुनाहरू यत्रतत्र देख्न पाइन्छन्। नेपाल प्राकृतिक दृश्यले सुशोभित र मनोहर छ। तुलनात्मक दृष्टिले हेरेको खण्डमा नेपाल स्वीटजरलैण्ड र काश्मीर जस्तै सुन्दरतम देशको दाँजोमा आउँछ।

नेपाल एउटा पहाडी मुलुक भएकोले यहाँ अनेकौं प्राकृतिक दृश्यहरू पाइन्छन्। नेपालको सुन्दर पहाडी दृश्यले पर्यटकहरूलाई निकै मन्त्रमुग्ध पार्दछ। विश्वको शिखर सगरमाथा पनि यहीँ छ। यसैगरी कञ्चनजंघा, माछापुच्छ्रे, अन्नपूर्ण आदि उच्च हिम-टाकुराहरू पनि यहीँ छन्। यसका साथै नेपालको पूर्वदेखि पश्चिमसम्म ५०० मीलसम्म फैलिएको हिमालय श्रृङ्खलताको साथै आफ्नो किसिमको अनुपमता देखिन्छ।

अर्को महत्वपूर्ण तत्व देशको शीतल जलवायुले गर्दा नेपालमा पर्यटकहरूलाई आकर्षित गर्न सकेको हो। कहिँ जाडो, कहिँ अलि गर्मी इत्यादिले विभिन्न मानिसलाई विभिन्न किसिमको हावापानीले प्रभाव पारेको छ। देशको भव्य र प्राचीन संस्कृति पनि अर्को महत्वपूर्ण तत्व हो। यसले गर्दा पर्यटन उद्योगको सम्भावनालाई बढाउन सकेको छ। यहाँका प्रत्येक मठ, मन्दिर, देवल र वहालहरूमा हिन्दू र बौद्ध धर्मको सुन्दरतम समन्वय देख्न पाइन्छ।

नेपालमा अनगिन्ती तीर्थस्थलहरू, मन्दिरहरू, प्राचीन महलहरू, शिलालेख, अभिलेख र धार्मिक कुण्डहरू छन्। फेरि नेपालमा विभिन्न किसिमका चाडपर्वहरू छन्, जसले गर्दा पनि पर्यटकहरू आकर्षित हुन्छन्। नेपालमा पर्यटन विकासको थालनी प्रथम पञ्चवर्षीय योजनाको शुरुआत (वि.सं. २०१३) देखि नै भएको देखिन्छ। त्यसपछि दोस्रो त्रि-वर्षीय योजना, तेस्रो पञ्चवर्षीय योजना, चौथो, पाँचौं, छैठौं, सातौं, आठौं र नवौं पञ्चवर्षीय योजना (२०५४-२०५९), दशौं योजना, तीन वर्षे अन्तरिम योजना, त्रिबर्षीय योजना, चौधौं योजना (२०७३–२०७६), पन्ध्रौं योजना, सोह्रौं योजना ( २०८१/८२–२०८५/८६) सालमा समेत पर्यटन उद्योगको विकासको लागि विभिन्न उद्देश्य, नीति र कार्यक्रमहरूको समावेश गरेको पाइन्छ।

आर्थिक सर्वेक्षण २०८१/८२ मा उल्लेख गरिएअनुसार पर्यटन विकास अन्तर्गत पछिल्लो समय पर्यटन क्षेत्र पुनरूत्थान हुँदै गएसँगै होटल व्यवसाय चलायमान भएको र पर्यटकबाट प्राप्त हुने आम्दानीमा समेत वृद्धि हुँदै गएको छ। वि.सं. २०८० पुससम्म पर्यटक आगमन १० लाख १४ हजार ८ सय ८२ रहेकोमा २०८१ पुससम्म यस्तो संख्या १३.० प्रतिशतले वृद्धि भई ११ लाख ४७ हजार ५ सय ४८ पुगेको छ। सन् २०२३ मा भ्रमण आय रू.७२ अर्ब ४५ करोड ५६ लाख रहेकोमा पर्यटकीय गतिविधिमा विस्तार हुँदै गएसँगै सन् २०२४ मा १५.० प्रतिशतले वृद्धि भई रू.८३ अर्ब ३९ करोड ४० लाख पुगेको छ।

सन् २०२४ मा पर्यटकको औसत बसाई अवधि र प्रतिदिन खर्चमा न्यून दरले परिवर्तन भई पर्यटकको औसत बसाई १३.३ दिन र प्रति पर्यटक प्रति दिन औसत खर्च ४०.८ अमेरिकी डलर कायम भएको छ। सन् २०२३ मा पर्यटकको बसाइ अवधि औसत १३.२ दिन र प्रति पर्यटक प्रतिदिन औसत खर्च ४१ अमेरिकी डलर रहेको थियो। सन् २०२४ मा नेपाल भ्रमण गर्ने कुल पर्यटकमध्ये सबैभन्दा बढी ६०.४ प्रतिशतले विदा/ मनोरञ्जन/ यात्राको लागि भ्रमण गरेका थिए।

यसैगरी, १५.३ प्रतिशतले तीर्थयात्रा, ३२ सन् २०२४ मा भारतबाट २७.७० प्रतिशत, अमेरिकाबाट ९.६७ प्रतिशत, चीनबाट ८.८९ प्रतिशत, बेलायतबाट ४.७९ प्रतिशत, बङ्गलादेशबाट ४.२७ प्रतिशत, अष्ट्रेलियाबाट ३.८३, श्रीलङ्काबाट २.७० प्रतिशत, थाइल्याण्डबाट २.६१ प्रतिशत, जर्मनीबाट २.६१ प्रतिशत, दक्षिण कोरियाबाट २.३५ प्रतिशत र अन्य मुलुकबाट ३०.५७ प्रतिशतले नेपाल भ्रमण गरेका छन्।

पर्यटन उद्योगको विकासमा देखा परेका बाधा तथा समस्याहरु अन्तर्गत नेपालमा यातायात साधन र सडकहरुको निकै कमी छ। यसले गर्दा पर्यटकहरुलाई कतिपय मनोरम क्षेत्रमा पुऱ्याउन कठिनाइ परेको छ। पैदल यात्रा गर्ने बाटोहरु पनि बढी जोखिमपूर्ण छन्। विमान व्यवस्थाको कमीले गर्दा पनि पर्यटकहरुलाई बढी संख्यामा भित्र्याउन सकिएको छैन। पर्यटकहरुको बसाईलाई लामो र आकर्षक बनाउन विभिन्न प्रकारका मनोरञ्जनका साधनको व्यवस्था मिलाइनु पर्दछ।

नेपालमा यस्ता मनोरञ्जनका लागि आवश्यक क्लब, नाचघर, सिनेमा, पसल, पार्क आदिको अभाव छ। केबुलकार स्किइङ जस्ता साधनहरु त छँदै छैनन्। सांस्कृतिक कार्यक्रमहरुका साथै मनोरञ्जन कार्यक्रमको व्यवस्था गर्न सके मात्र हालको औसत पर्यटक बसाई दिनलाई १३ दिनबाट बढाउन सकिन्छ। पर्यटकहरुको रहन सहनसँग मिल्ने तिनलाई आवश्यक पर्ने वा तिनका लागि नभई नहुने बस्तुहरु हामीले पर्याप्त व्यवस्था गर्न सकेका छैनौं। यसले गर्दा पर्यटकहरुबाट प्राप्त हुने विदेशी मुद्राको ठूलो अंश पुनः आयातमा खर्च गर्नुपरेको छ।

हाम्रा पर्यटन स्थलहरु अधिकांश जीर्ण भएका र संरक्षणको अभावमा अस्तव्यस्त भएका छन्। यस्ता स्थलहरुको उचित स्याहार सम्भार र मर्मत कार्य नहुनाले फोहोर र अनाकर्षक हुन पुगेका छन्। यसले गर्दा पर्यटकहरु त्यस्ता स्थानमा जान कम मात्र रुचि लिने गर्दछन्। नेपालमा आउने अधिकांश पर्यटकहरु काठमाडौं र पोखरा घुमेर फर्कन्छन्। देशमा भएका लुम्बिनी, जनकपुर जस्ता स्थलहरु एवम् अन्य शहरहरुको आवश्यक विकास भएको छैन। जसले गर्दा पर्यटकहरुलाई त्यहाँसम्म पुऱ्याउन सकिएको छैन। नेपालमा आउने पर्यटकहरुलाई नेपालका बारे विभिन्न प्रकारका सूचनाहरु प्रवेशस्थलमा नै उपलब्ध गराइनु पर्दछ।

हामीकहाँ यस्ता सूचना केन्द्रहरुको अभाव छ। भएका सूचना केन्द्रहरु समेत अव्यवस्थित र गतिहीन छन्। लुम्बिनी जस्तो महत्वपूर्ण क्षेत्रको सम्बन्धमा समेत नेपाल घुम्ने पर्यटकले थाहासम्म नपाएको पनि भेटिन्छ। फेरि कुन स्थानको यात्रामा जाँदा के कस्तो व्यवस्थासहित जानुपर्छ र कहिले के कस्तो प्रक्रिया वा उपायहरु प्रयोग गर्नुपर्छ भन्ने कुराको जानकारी दिने केन्द्रहरु समेत नभएकोले गर्दा पर्यटन जोखिमपूर्ण र कुहिरोको काग भैँ भएको छ।

विदेशी पर्यटनहरु खासगरी नेपालको प्राकृतिक सम्पदाहरुबाट मनोरञ्जन लिने उद्देश्यले नेपाल आउने गर्दछन्। यहाँ प्रशस्त मात्रामा मनोरञ्जनका साधनहरु जस्तैः र्‍याफ्टिङ्ग, बोटिङ्ग, रोपवे आदिको विकास गर्न सकिएको छैन। काठमाडौं जस्ता ठूला शहरहरुमा केही सीमित होटलहरुमा भए पनि नेपालका सबै पर्यटकीय स्थलहरुमा यस्ता सुविधायुक्त होटलको विकास हुन सकेको छैन। यसले गर्दा पर्यटन व्यवसाय फस्टाउन सकेको छैन।

पर्यटन उद्योगको प्रवर्द्धनको लागि विकसित देशहरुमा नेपालको पर्यटकीय स्थलहरुको बारेमा व्यापक प्रचारप्रसार हुनु जरुरी छ। यस्तो हुन सकिरहेको छैन। यसले गर्दा पर्यटकहरु नेपाल आउन चाहेर पनि आउन सकिरहेका छैनन्। नेपालमा पर्यटकहरुलाई सुरक्षाको सुविधा छैन। ठगी गर्नेहरुले पर्यटकहरुबाट अनावश्यक ठगी गर्ने गर्दछन् भने लुट्ने पिट्ने समेत गरेका उदाहरणहरु छन्। यसले गर्दा विदेशी पर्यटकहरु नेपाल आउन चाहँदैनन्।

**नयाँ सरकारले कस्ता कार्यक्रमहरु ल्याउनुपर्ला ?**

• पर्यटकीय गन्तव्य, आकर्षण, पर्यटकीय गतिविधि तथा यात्रा सम्बन्धी सुविधाहरूको बारेमा विस्तृत सूचनासहितका यात्रा बैंक, उपयोगी र प्रयोगकर्ता-मैत्री वेबसाइटको निर्माण गर्ने, नेपाललाई आकर्षक पर्यटकीय गन्तव्यको रूपमा चिनाउन आकर्षक दृष्य, कथा र अनुभव बाँडी नेपाललाई प्रवर्द्धन गर्न सामाजिक सञ्जालको उपयोग गर्ने;

• नेपालको पर्यटनका अद्वितीय पक्षहरूलाई उजागर गर्ने सम्प्रेषणयोग्य आकर्षक सामग्रीका सिर्जनकर्ता, ब्लगर, यात्रा उत्प्रेरक व्यक्तिहरूसँग साझेदारी निर्माण गर्ने; अनलाइन बुकिङ र रिजर्भेसन प्रणाली कार्यान्वयनमा ल्याउने,

• पर्यटकलाई वास्तविक समयको सूचना, अन्तर्क्रियात्मक नक्सा तथा व्यक्तिगत तहमा सूचना उपलब्ध गराउन वा कुनै किसिमको सुझाव उपलब्ध गराउने गरी मोबाइल एप्लिकेसन विकास गर्ने; पर्यटकीय आकर्षणका क्षेत्र तथा गतिविधिमा प्रवेश गर्न, डिजिटल टुर गाइड उपलब्ध गराउन एवम् पर्यटकको पर्यटकीय अनुभव बढाउन स्थान विशेषमा आधारित सूचनाहरू सम्प्रेषण गर्न मोबाइल प्रविधिमा आधारित सेवा कार्यान्वयनमा ल्याउने;

• मोबाइल प्ल्याटफर्मको उपयोगमार्फत लक्षित बजारीकरण अभियान सञ्चालन, स्थान विशेषमा आधारित प्रवर्धन, तथा सम्भाव्य पर्यटकहरूलाई व्यक्तिगत तहमा सूचना सम्प्रेषण तथा यात्रा प्रस्ताव गर्न सकिने व्यवस्था गर्ने।

• पर्यटकको रूची तथा प्राथमिकता, व्यवहार, सन्तुष्टिस्तर लगायतका तथ्याङ्क सङ्कलन तथा विश्लेषण गरी बजारको प्रवृत्ति र पर्यटकीय माग सम्बन्धी ज्ञान निर्माण गर्नेः निर्णय-निर्माण प्रक्रियामा सुधार गर्न, बजारीकरण रणनीतिलाई अनुकूलन गर्न र पर्यटकीय वर्गमा आधारित सेवालाई अनुकूलन गर्न 'डेटा एनालिटक्स'को उपयोग गर्ने;

• सुधारका सम्भाव्य क्षेत्रहरूको पहिचान गर्न, पर्यटकले असुविधा अनुभव गरेका अवस्थाहरूको निराकरण गर्न तथा विकसित नवीनतम पर्यटकीय आवश्यकता पूरा गर्न पर्यटकीय अनुभवहरूलाई समायोजन गर्नका लागि तथ्याङ्कको उपयोग गर्ने।

• नवपर्वतन र सिर्जनशीलतालाई प्रवर्द्धन गर्न तथा नेपालको पर्यटन उद्योगको समस्या अनुरूपको समाधानका उपाय निकाल्न परम्परागत पर्यटन उद्योग र 'ट्राभल टेक स्टार्टअप' बीच साझेदारी निर्माण गर्न प्रोत्साहन गर्ने, स्थानीय 'ट्राभल टेक स्टार्टअपहरूलाई मेन्टरशीप, वित्तीय श्रोत तथा 'इन्कुवेसन' सुविधासम्मको पहुँच पुऱ्याई सहयोग तथा प्रवर्द्धन गर्ने;

• पर्यटन उद्योगमा नवयर्वतनीय तथा सिर्जनशील बस्तु, सेवा तथा (समस्या समाधानका उपाय अवलम्वन गर्न 'भर्चुअल रियालिटी' (VR), 'अग्मेन्टेड रियालिटी' (AR), कृत्रिम बौद्धिकता (AI), तथा 'ब्लकचेन' जस्ता प्रविधि विकास गर्न ट्राभल चेक स्टार्टअपहरूसँग साझेदारी निर्माण गर्ने, डिजिटल सीपका लागि तालिम प्रदान गर्ने, डिजिटल पूर्वाधारको सुदृढीकरण गर्ने, पर्यटनसँग सम्बन्धित सरकारी एजेन्सीबाट प्रदान गरिने सेवामा सुधार गर्ने, डिजिटल रणनीतिको कार्यान्वयनको माध्यमबाट नेपालको पर्यटन स्रोतको सूची तथा विवरण तयार गर्ने, डिजिटल रणनीतिको कार्यान्वयनको माध्यमबाट नेपाल र नेपाल बाहिरका पर्यटक सरोकारवालाहरूबीचको सञ्जाल तथा साझेदारीलाई सुदृढीकरण गर्ने।

लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

# Field Course on Conservation Biology and Global Health

Kathmandu, March 16/ The 7th Annual Field Course in Conservation Biology and Global Health: At the Human-Environment Interface was inaugurated today at Center for Postgraduate Studies, Nepal Engineering College, Prayagpokhari, Lalitpur, bringing together students, researchers, and conservation professionals from across Nepal.

The program was inaugurated by Bed Prasad Dhakal, Deputy Director General of the Department of National Parks and Wildlife Conservation (DNPWC), Ministry of Forests and Environment. The opening session was chaired by Robert Dongol, Director of the Center for Professional Studies at Nepal Engineering College. The ceremony also featured special guests Dr. Randall C. Kyes, Professor from the University of Washington, USA, and Prof. Matthew Novak, also from the University of Washington. During the inaugural ceremony, the traditional panas lighting marked the formal beginning of the five-day course. The event was coordinated and hosted by Dr. Narayan Prasad Koju, Program Coordinator of the MSc Natural Resources Management program at Nepal Engineering College.

Addressing the gathering, Chief Guest Dhakal emphasized the importance of engaging the younger generation in sustainable use and conservation of natural resources. He noted that the Department of National Parks and Wildlife Conservation has been actively supporting students and researchers to conduct studies in national parks and protected areas. Dhakal expressed hope that young researchers would continue contributing to the country's biodiversity conservation goals through scientific research.

Special guest Dr. Randall Kyes expressed his happiness in working with Nepali researchers and students. He highlighted the strong enthusiasm and commitment shown by the new generation of Nepali scholars toward conservation research and emphasized the importance of future international collaboration in biodiversity studies. Similarly, Prof. Matthew Novak shared his interest in strengthening long-term academic and research collaboration with Nepali students and institutions. He also expressed his excitement to be in Nepal and work closely with emerging researchers in the fields of conservation biology and global health. Chairperson Robert Dongol stated that Nepal Engineering College has been providing a platform for students of wildlife, natural resources management, and biodiversity studies through this field course for the past seven years. He encouraged participants to use the opportunity to enhance their knowledge and continue contributing to sustainable development and biodiversity conservation.

According to the organizers, a total of 20 participants from seven different institutions across Nepal are attending the course. The program is jointly conducted by Nepal Engineering College and the University of Washington through the Center for Global Field Study (CGFS) and the Washington National Biomedical Research Center. The course, running from March 16 to April 20 includes lectures, field exercises, and community outreach activities focusing on conservation biology, wildlife research methods, global health issues, and the human-environment interface. Organizers stated that the training aims to provide participants with practical field research experience and a deeper understanding of biodiversity conservation and the link between environmental and human health.

# ग्लोबल साउथमा अनुसन्धान र नीतिमा महिला सम्बन्धी वेबिनार सम्पन्न

काठमाडौं/ अन्तर्राष्ट्रिय महिला दिवस मनाउने क्रममा नेपाल विकास अनुसन्धान प्रतिष्ठान (NDRI) ले आफ्नो सक्रियता बढाएको छ। यस क्रममा व्यापार तथा आर्थिक अनुसन्धान केन्द्र (CBER)सँगको सहकार्यमा १२ मार्च २०२६ मा ग्लोबल साउथमा अनुसन्धान र नीतिमा महिलाको भूमिका सम्बन्धी अनलाइन प्यानल छलफल सम्पन्न गरिएको छ।

वेबिनारमा दक्षिण एशिया, युरोप र संयुक्त राज्य अमेरिकाका अग्रणी विश्वविद्यालयहरू, अनुसन्धान संस्थानहरू र नीति संगठनहरूका प्यानलिस्टहरू र विचारकहरूको समूहलाई बोलाइएको थियो। उद्घाटन सत्रमा जुन अहमद खानको संचालनमा डा. एस. अकबर जैदी र डा. लुब्ना नाजले भाग लिनु भएको थियो। नेपाल विकास अनुसन्धान प्रतिष्ठानबाट डा. मंजेश्वरी सिंह र डा. शिखा थापा मगरले विकास अनुसन्धानमा विशेषज्ञता प्रदान गर्नु भएको थियो। यसैगरी स्ट्यानफोर्ड विश्वविद्यालयका डा. एलिस इभान्स, पड्र्यू विश्वविद्यालयका डा.अतिनुके अदेबान्जी र प्रोफेसर लोरेटा फेवर चिजोमम न्तोइमो जस्ता अन्तर्राष्ट्रिय विद्वानहरूले विश्वव्यापी शैक्षिक दृष्टिकोण प्रस्तुत गर्नु भएको थियो।

नीतिगत नेताहरूमा संघीय राजश्व बोर्डकी सदस्य अम्ब्रीन इफ्तिखार, सीईओ हेलानी गाल्पाया, जलवायु नीति पहलकी मनिका गुप्ता, नीति संवाद केन्द्र CPD बंगलादेशकी डा. फहमिदा खातुन, डा. यास्मीन सबीह काजी र नेपालको कृषि तथा पशुपन्छी विकास मन्त्रालय (MOALD) की सबनम शिवाकोटी समावेश हुनु हुन्थ्यो। IBA CBER बाट डा. नौशीन एच अनवर र डर्बी विश्वविद्यालयबाट डा. नाजनिन तबस्सुम जस्ता थप प्रतिष्ठित आवाजहरूले अर्थशास्त्र, शासन, जलवायु वित्त, कृषि, लिङ्ग र सामाजिक नीतिमा विविध र बहुआयामिक आदानप्रदान सुनिश्चित गर्दै संवादलाई समृद्ध बनाएको बताइएको छ।

प्यानलिस्टहरू सबैले अनुसन्धान र नीतिमा रहेका महिलाहरू दोहोरो बन्धनले बाँधिएका छन् भन्ने कुरामा जोड दिएका थिए। सामाजिक मान्यता र अपेक्षाहरूद्वारा बाँधिएर दृढ नेता बन्ने अपेक्षासहित वेबिनारले ज्ञान आदानप्रदानमार्फत क्षमता विकासको लागि नेटवर्क स्थापना गर्ने विचार पनि अगाडि ल्यायो। यो कराँची, पाकिस्तान वा काठमाडौं, नेपालमा आगामी प्रत्यक्ष बैठकमा अझ बलियो बनाइने भएको बताइऐ छ। यो फोरमले सहकार्यको लागि दिगो प्लेटफर्म स्थापना गर्ने, ज्ञान साझेदारी सक्षम पार्ने र नवीन परियोजनाहरूको पाइलटिङ गर्ने लक्ष्य राखेको छ।

# गर्मी मौसममा कुन फलफूल खाने ?

**रोसन काफ्ले**

गर्मीको मौसममा शरीरमा पानीको मात्रा घट्छ, पसिना बढी आउँछ र शरीर थकित महसुस हुन्छ। यस्तो अवस्थामा शरीरलाई हाइड्रेटेड राख्नु, आवश्यक पोषक तत्वहरू प्राप्त गर्नु र ताजगी पाउनु अत्यन्त जरुरी हुन्छ। यसका लागि ताजा फलफूल उपयुक्त विकल्प हुन्। फलफूलमा पानी, भिटामिन, मिनरल्स र प्राकृतिक चिनी हुन्छ, जसले गर्मीको प्रभाव कम गर्न मद्दत गर्दछ।

सबैभन्दा लोकप्रिय गर्मी फल भनेको तरबूज (Watermelon) हो। तरबूज लगभग ९० प्रतिशत पानीले बनेको हुन्छ। यसले शरीरलाई हाइड्रेटेड राख्छ र थकान कम गर्छ। तरबूजमा लाइकोपीन (lycopene) पाइन्छ, जसले छालालाई सूर्यको तेजोबाट बचाउँछ र छालाको स्वास्थ्य सुधार गर्छ। बिहान वा दिउँसो हल्का पेटमा तरबूज खाने बानीले दिनभर ताजगी दिने गर्दछ। धेरै चिसो तरबूज एकैपटक खाने हो भने पेटमा समस्या आउन सक्छ, त्यसैले सन्तुलित मात्रा उत्तम हुन्छ।

खर्बुजा (Muskmelon) पनि गर्मीमा अत्यन्त लाभदायी फल हो। खर्बुजामा भिटामिन A, C र पोटासियम प्रशस्त हुन्छ। भिटामिन A ले आँखा स्वस्थ राख्न सहयोग गर्छ भने भिटामिन C रोग प्रतिरोधात्मक क्षमता बढाउँछ। खर्बुजा बिहान वा दिउँसो हल्का नास्ताको रूपमा खाने राम्रो मानिन्छ।

आँप (Mango) गर्मीको मौसमको राजा फल मानिन्छ। पाकेका आँपमा प्राकृतिक चिनी, फाइबर र एन्टिअक्सिडेन्ट हुन्छ। आँप खानाले शरीरमा ऊर्जा बढाउँछ, पाचन प्रणाली सुधार्छ र छालालाई ताजा राख्छ। बिहान वा दिउँसो खाजाको रूपमा आँप खान उपयुक्त हुन्छ। धेरै मीठो र पाकेको आँप धेरै मात्रामा खाँदा रक्त चिनी बढ्न सक्छ, त्यसैले सन्तुलित मात्रा पर्याप्त हुन्छ।

खुबानी (Apricot) पनि गर्मीका लागि लाभदायी फल हो। खुबानीमा भिटामिन A र C, फाइबर र पोटासियम पाइन्छ। यसले छालालाई स्वस्थ राख्छ, रोग प्रतिरोधात्मक क्षमता बढाउँछ र पाचन प्रणालीमा सहजीकरण गर्छ। बिहान वा बेलुकाको खाजामा २-३ वटा खुबानी खाने बानी लाभदायी हुन्छ।

अनारस (Pineapple) पाचनका लागि उत्कृष्ट फल हो। अन्नानासमा ब्रोमेलिन (Bromelain) नामक एन्जाइम हुन्छ, जसले प्रोटिन पचाउन मद्दत गर्छ। यसमा भिटामिन C पनि प्रशस्त हुन्छ, जसले छालालाई ताजा राख्छ र रोग प्रतिरोधात्मक क्षमता बढाउँछ। दिउँसो हल्का नास्ताको रूपमा अन्नानास खाने बानी शरीरमा ऊर्जा र ताजगी दिन्छ।

सुन्तला (Orange) र अन्य सिट्रस फलहरू गर्मी मौसममा अत्यन्त उपयोगी हुन्छन्। सुन्तलामा भिटामिन C प्रशस्त मात्रामा पाइन्छ, जसले छालालाई स्वस्थ राख्छ र शरीरमा पानीको कमी कम गर्न सहयोग गर्छ। बिहान खालि पेटमा वा दिउँसो नास्ताको रूपमा सुन्तला खाँदा दिनभर ताजगी र ऊर्जा मिल्छ।


केरा (Banana) पनि गर्मीका लागि उपयोगी फल हो। केरा पचाउन सजिलो हुन्छ, तुरुन्त ऊर्जा दिन्छ र पेटको काममा सहजता ल्याउँछ। बिहानको नास्ता वा बेलुकाको हल्का खाजामा केरा खाने बानी उपयुक्त हुन्छ।

मेवा (Papaya) गर्मीमा फलफूलसँगै सानो मात्रामा मेवा खाने बानी पनि शरीरका लागि फाइदाजनक हुन्छ। मेवामा प्रोटिन, स्वस्थ फ्याट र एन्टिअक्सिडेन्ट हुन्छ, जसले शरीरको कमजोरी कम गर्छ, दिमाग सक्रिय राख्छ र तातो मौसममा आवश्यक ऊर्जा दिन्छ।

**ध्यान दिनुपर्ने कुराहरु :**

फलफूल सफा र ताजा हुनु अनिवार्य छ।धेरै चिसो फल एकैपटक नखानु।तयारी फलफूल जस्तै चिनी मिसाइएको फ्रूट सलाद कम मात्रामा सेवन गर्नु।फलफूललाई सन्तुलित समय र मात्रामा खाने बानी अपनाउनु।


अन्ततः गर्मी मौसममा तरबूज, खर्बुजा, आँप, खुबानी, अन्नानास, सुन्तला, केरा र सानो मेवा खाने बानीले शरीरलाई हाइड्रेटेड राख्छ, ताजगी दिन्छ र स्वास्थ्य बलियो बनाउँछ। नियमित रूपमा विभिन्न रंग र प्रकारका फलफूल खाने बानी अपनाउँदा गर्मीका दिनहरू सजिलो, स्वस्थ र ऊर्जा सम्पन्न बन्ने निश्चित छ।




विद्यार्थीलाई अतिरिक्त क्रियाकलाप गराउनु परे
हामीलाई सम्झिनु होस्

स्कूल तथा कलेजमा अध्ययरत विद्यार्थीहरुलाई अतिरिक्त क्रियाकलापहरु जस्तै :

- हस्तलेखन
- कथालेखन
- नाटकलेखन तथा नाटकको प्रस्तुति
- गायन तथा संगीत
- चित्रकला
- कानूनी ज्ञानहरु
- पत्रकारिताको जानकारी
- उद्घोषण कला
- नाच्ने कला



आदिको ज्ञान दिलाउन चाहनु हुन्छ भने हामी त्यसको व्यवस्थापनको लागि तयार छौं।
हामी तपाईहरुको विद्यालय तथा विद्यार्थीहरुका लागि सबै खाले तालिम, कार्यशाला संचालन गरी तपाइँहरुको आवश्यकता अनुसारका प्याकेजहरु तपाईहरुको अनुकुल समयमा हामी सेवा दिन तयार छौं।

सम्पर्क नं.९८१८६७००८८
क्रियटिभ सेन्टर नेपाल प्रा.लि.
काठमाडौं–११

Considering studying or working aboard?
Come to **Joy International Language Institute**
for all levels of
English and Spanish Language Classes
including **IELTS, PTE, TOEFL**
*Improve your conversation skills speaking with a native speaker.*
Gatthaghar Road (on the way to Global Pathsala School Junior Block)
Contact the Office :
974 597 9010
joylanguageinstitute@gmail.com



लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

## विदेशमा रहेका विद्यार्थीका अभिभावकलाई जानकारी

**तपाईका सन्तान विदेशमा पढ्दैछन् ?**
**तपाईका सन्तान विदेशमा पढ्न जाँदैछन् ?**
**तपाई आफ्ना सन्तानलाई विदेशमा पढाउन लागि रहनु भएको छ ?**

यदि माथिको कुनै पनि अवस्थामा तपाईहरु हुनुहुन्छ भने नेपालमा रहेका आमाबुबा वा अभिभावकका लागि भनी नेपालमा संस्था (मुनाफा वितरण नगर्ने कम्पनी) खोलिएको छ। तपाईहरु पनि जोडिएर सहकार्य गर्न सक्नुहुनेछ।
त्यसका लागि

**सम्पर्क नं.९८१८६७००८८ (अध्यक्ष)**

**इन्टरनेशनल स्टुडेट्न्स प्यारेन्ट वेलफेयर सेन्टर नेपाल**
**काठमाडौं–११, बबरमहल**

# Climate Change: Impacts and Mitigation Strategies



**Koushal Kumar Bhattarai**

Humans have introduced over 70,000 types of chemicals into the environment to date, with approximately 70% of these ultimately being released into the soil. Even fertilizers intended to enhance soil fertility contribute to environmental pollution. Microorganisms thrive both in the soil and in the atmosphere up to 10 kilometers above the ground. Industrialized nations collectively produce around 500 million tons of harmful chemicals annually, which eventually infiltrate the soil.

Urbanization is accelerating in Asia and Africa, with 38% of their populations currently living in cities. By 2030, it is projected that 50% of their populations will reside in urban areas. In Europe, North America, Latin America, and the Caribbean, urban populations are expected to reach 83% by the same year. Globally, 28.5% of people live in small towns with populations below one million.

Scientific studies indicate that if the current rate of global temperature rise continues, it could have severe negative consequences for human and ecological survival. Changes in climate and rising global temperatures are primarily driven by greenhouse gases, as evidenced by extensive scientific research. Presently, studies on greenhouse gas concentrations are ongoing worldwide.

The primary factor contributing to climate change is the accumulation of greenhouse gases in the atmosphere. Prior to the Industrial Revolution, the atmospheric concentration of carbon dioxide was approximately 250 ppm; it has now risen to 370 ppm. This increase has already raised global temperatures by 0.6°C over the past century, and scientists predict a further rise of 2.5–5°C by the end of this century. Greenhouse gases trap radiation emitted from the Earth, increasing surface temperatures by up to 30°C, which has historically enabled the development of life. Human activities, however, are disrupting this natural balance, resulting in adverse environmental impacts.

These changes affect lowlands, hills, mountains, and high-altitude regions. According to the World Bank (1990), fossil fuel and biomass combustion release approximately 6 million metric tons of CO, and 1 million tons of methane annually. Rising temperatures also accelerate the reproduction of mosquitoes and other disease vectors, increasing the incidence of infectious diseases. For example, malaria, once nearly eradicated, is resurging globally, affecting an estimated 80 million people annually, according to international reports.

Nepal is not immune to these impacts. Surveys indicate that malaria prevalence rose from 4.5% in 1995–96 to 6.2% in 1997–98, with cases now appearing not only in the Terai and inner Madhesh but also at altitudes above 4,500 feet. Over the past 50 years, glaciers have been retreating, increasing the size and water volume of glacial lakes. Of Nepal's 2,315 glacial lakes, around 20 are at risk of natural dam failure. The Himalayas serve as Asia's primary water reservoir, feeding major rivers such as the Indus, Ganges, and Brahmaputra. Annual monsoon rains replenish Himalayan snowpacks, highlighting the critical interplay between climate patterns and water resources.

Climate change also disrupts agriculture and livestock. Variations in temperature and rainfall threaten crops such as grains, vegetables, fruits, cardamom, tea, and coffee, as well as livestock including cattle, yaks, goats, poultry, and fish. It alters forest ecosystems, forcing species to migrate to higher altitudes. For example, sal forests are expected to shift upward by approximately 100 meters, and some wildlife, such as rhinos and elephants, may be forced into higher elevation habitats. In Nepal, the treeline averages around 4,000 meters, while the snowline is approximately 5,000 meters; both may shift upward as temperatures rise.

Traditional energy sources in Nepal, such as firewood, crop residues, and dung, account for roughly 87% of total fuel consumption, while hydroelectricity contributes only about 1%, with minor contributions from biogas and solar energy. Climate change has also degraded natural resources, threatening local livelihoods. Districts such as Lamjung, Dhankuta, and Mugu have been identified as highly vulnerable to climate-related disasters. Although Nepal's greenhouse gas emissions are minimal compared to other countries, it is disproportionately affected by global climate change.

Nepal has assumed a leadership role in representing 48 least developed countries (LDCs) in international climate forums. As chair for the upcoming two years in the UNFCCC framework, Nepal aims to advocate for mountain and Himalayan nations, pressing developed countries to address emissions that affect vulnerable regions. This provides Nepal an opportunity to influence international policy and showcase solutions.

National initiatives include promoting solar energy for households, with agreements involving ten industries and solar companies to generate approximately 10 MW of electricity. Programs like smoke-free stoves have distributed 12,653 improved cookstoves to earthquake-affected households. Environmental monitoring has been conducted in 53 factories across various districts, and three radar systems have been installed in Surkhet, Palpa, and Udaypur to enhance weather prediction and preparedness.

The Climate Change Policy, 2067, recognizes climate change as a natural yet accelerated process intensified by industrialization, transport, fossil fuel consumption, and deforestation. International conventions, such as the 1992 UN Framework Convention on Climate Change signed by Nepal in Rio de Janeiro, support mitigation and adaptation strategies. Ongoing efforts include climate impact assessments, identifying vulnerable regions, developing greenhouse gas reduction mechanisms, and maximizing technical and financial opportunities to adapt to climate challenges.

In conclusion, addressing climate change in Nepal requires integrating national policies, international agreements, and sustainable development strategies. Promoting green growth, climate adaptation, carbon trading, and environmental awareness remains central to reducing adverse impacts while ensuring the resilience of ecosystems and communities.

# पन्तको 'धर्तीमुनिका तारा' सार्वजनिक



काठमाडौं/ स्रष्टा एवं संगीतकार महेश्वर पन्तद्वारा लिखित कथासङ्ग्रह "धर्तीमुनिका तारा" एक विशेष साहित्यिक समारोहबीच लोकार्पण गरिएको छ।

साहित्यकार रमेश दाहालद्वारा सम्पादित उक्त कृतिको लोकार्पण अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) र कालीभक्त-कृष्णा पन्त स्मृति प्रतिष्ठानको संयुक्त तत्वावधानमा सम्पन्न कार्यक्रममार्फत गरिएको हो।

कार्यक्रमको सभापतित्व प्रतिष्ठानका अध्यक्ष प्रा.डा. पार्थिवेश्वर तिमिल्सिनाले गर्नु भएको थियो। यसैगरी अतिथिहरूलाई अनेसासका अध्यक्ष राजेन्द्र के.सी. ले स्वागत मन्तव्यद्वारा अभिवादन गर्नु भएको थियो।

उक्त समारोहमा नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति भूपाल राई प्रमुख अतिथिका रूपमा उपस्थित हुनुहुन्थ्यो। सभापति पार्थिवेश्वर तिमिल्सिना, विशेष अतिथि साहित्यिक पत्रकार संघका अध्यक्ष राधेश्याम लेकाली तथा विशेष वक्ताहरू प्रा.डा. गोविन्दमानसिंह कार्की, प्रा.डा. रामप्रसाद दाहाल, सन्ध्या पहाडी, स्रष्टा महेश्वर पन्त, राजेन्द्र के.सी., सम्पादक रमेश दाहाल र राष्ट्रिय साहित्य प्रतिष्ठानका अध्यक्ष ऋषभदेव घिमिरेलगायतलेसंयुक्त रूपमा कृतिको लोकार्पण गर्नु भएको थियो।

सोही अवसरमा अनेसास नेपाल च्याप्टरले स्रष्टा महेश्वर पन्तलाई खादा, माला तथा दोसल्लासहित "स्रष्टा प्रज्ञा सम्मान-२०८२" प्रदान गरी सम्मानित गरेको थियो।

कार्यक्रममा विशेष वक्ता सन्ध्या पहाडीले उक्त कथासङ्ग्रहमा अन्तर्निहित नारीसम्बन्धी संवेदनशील विषयवस्तुहरूको विवेचनात्मक चर्चा गर्नु भएको थियो। प्रा.डा. गोविन्दमानसिंह कार्कीले कृतिको संरचना, विषयबस्तु तथा साहित्यिक महत्त्वमाथि विस्तृत टिप्पणी प्रस्तुत गर्नु भएको थियो। त्यसैगरी प्रा.डा. रामप्रसाद दाहालले कथाभित्र निहित अन्तर्य, जीवनानुभूतिको प्रभाव र पाठकमा पर्ने साहित्यिक प्रभावबारे गम्भीर विश्लेषण गर्नु भएको थियो।

स्वयं स्रष्टा महेश्वर पन्तले कथा लेखनका प्रेरणा-स्रोत, विषयबस्तुको चयन तथा पात्रहरूसँगको आफ्नो आत्मीय सम्बन्धबारे अनुभव साझा गर्नु भएको थियो। पन्तका "मुन्द्री", "नबोल्नेहरू", "फुर्लुङ", "बौलाको डायरी" जस्ता कथा तथा उपन्याससहित आधा दर्जनभन्दा बढी कृतिहरू पाठकमाझ लोकप्रिय रहँदै आएका छन्। उहाँ विभिन्न संघसंस्थाबाट सम्मानित तथा पुरस्कृतसमेत भइसक्नु भएको छ।

कार्यक्रममा सापसका अध्यक्ष राधेश्याम लेकालीले स्रष्टा महेश्वर पन्त तथा उहाँका कृतिहरूको निरन्तर सफलताको कामना व्यक्त गर्नुभयो। त्यसैगरी साहित्यकार मदनराज थापा तथा अनेसास हवाई च्याप्टरकी अध्यक्ष अमृता स्मृतिलगायतले शुभकामना मन्तव्य व्यक्त गर्नु भएको थियो। यसैगरी सम्पादक रमेश दाहालले आफ्नो सम्पादकीय मन्तव्य प्रस्तुत गर्नु भएको थियो।

सो अवसरमा प्रमुख अतिथि राईले स्रष्टा पन्तको साहित्यिक व्यक्तित्वको प्रशंसा गर्दै आफू अमेरिका जाँदाका बेला पन्तबाट प्राप्त आत्मीय सत्कारको स्मरणसहित कृति "धर्तीमुनिका तारा"को महत्त्वबारे विचार व्यक्त गर्नु भएको थियो।

कार्यक्रममा प्रतिष्ठानका उपाध्यक्ष गजबकुमारी तिमिल्सिना, पार्थिवेश्वर तिमिल्सिना, राजेन्द्र के.सी.द्वारा सम्पादक रमेश दाहाल,विशेष वक्ताहरू प्रा.डा. गोविन्दमानसिंह कार्की, प्रा.डा. रामप्रसाद दाहाल, सन्ध्या पहाडी र प्रमुख अतिथि माननीय कुलपति भूपाल राईलाई स्मृतिचिह्न प्रदान गरिएको थियो।

साहित्यकार ऋषभदेव घिमिरेद्वारा सञ्चालन गरिएको उक्त कार्यक्रमको अन्त्यमा सभापति पार्थिवेश्वर तिमिल्सिनाले लोकार्पित कृतिभित्र समेटिएका कथाका विषयबस्तु र त्यसको साहित्यिक मूल्यबारे मन्तव्य व्यक्त गर्दै कार्यक्रम विसर्जन गर्नु भएको थियो। जिएमपी तिमिल्सिना फाउण्डेसनको सभाहलमा सम्पन्न उक्त कार्यक्रममा साहित्यकार, संगीतकार सन्तोष श्रेष्ठ, डा. बुनु दाहाल, मुक्तककार पार्वती भट्ट, अनेसास गण्डकी प्रदेशका अध्यक्ष देवेन्द्र के.सी. 'देवु', साहित्यकार राधा कार्की दुलाल, पूर्वन्यायाधीश शेषराज सिवाकोटी, साहित्यकार रामप्रसाद पन्त, शोभाभक्त पन्त, खेम शर्मा पौडेल, घनश्याम पाण्डे, संगीतकार नरहरि प्रेमी, कवि गीता कार्की, जगदीश तिमिल्सिना, ओमकार तिमिल्सिनालगायतका साहित्यकारहरूको उल्लेख्य उपस्थिति रहेको थियो।

कालीभक्त-कृष्णा पन्त स्मृति प्रतिष्ठानद्वारा प्रकाशित यस कृतिको वितरक कालिञ्चोक बुक डिस्ट्रीब्युटर्स, प्रदर्शनीमार्ग रहेको छ। सबै पुस्तक पसलबाट तथा अनलाइन पुस्तक पसलहरूबाट पनि पुस्तक पाइने कुरा वितरकले जानकारी दिएका छन्। बिक्रीबाट सङ्कलित रकम प्रतिष्ठानले नेपाली भाषा, साहित्यको प्रवर्द्धन तथा सामाजिक विकासमा प्रयोग गर्ने कुरा स्रष्टा महेश्वर पन्तले बताउनु भएको छ।




# पाँच जिल्लामा दीक्षा फाउण्डेशनको सक्रियता

काठमाडौं/ दीक्षा फाउण्डेशनको वार्षिक भेटघाट कार्यक्रम आइतबार काठमाडौंको बालुवाटारमा भव्यताका साथ सम्पन्न भएको छ। संस्थाका अध्यक्ष शोश्रीन शर्माको सभापतित्वमा आयोजित उक्त कार्यक्रममा समाज कल्याण परिषद्का कार्यकारी सदस्य दिनेशराज सापकोटा प्रमुख अतिथिका रूपमा उपस्थित हुनुहुन्थ्यो।

त्यसैगरी, विशिष्ट अतिथिका रूपमा 'वर्ल्ड वाइड गोट प्रोजेक्ट नेपाल' ( WWGPN) का संस्थापक ड्यानियल लि लेनी र इसिमोड (ICIMOD) का प्रतिनिधि किलियन उइवर लगायत विभिन्न संघसंस्थाका पदाधिकारी तथा प्रवुद्ध महानुभावहरूको बाक्लो उपस्थिति रहेको थियो। कार्यक्रममा संस्थाका प्रतिनिधि माधवकुमार धमलाले उपस्थित सम्पूर्ण महानुभावहरूलाई मन्तव्यमार्फत स्वागत गर्नुभएको थियो।

सो अवसरमा संस्थाकी प्रतिनिधि आश्मा के.सी. ले यो वर्ष २०८२ सालमा धादिङ, काभ्रेपलाञ्चोक, काठमाडौं, गोरखा र तनहुँ लगायतका जिल्लाहरूमा सञ्चालन गरिएका विभिन्न सामाजिक गतिविधिहरूका बारेमा विस्तृत जानकारी गराउनुभयो। संस्थाले विगत लामो समयदेखि सहयोग गर्दै आएका विद्यार्थीहरूको प्रतिनिधित्व गर्दै सन्तोषी थापाले दीक्षा फाउण्डेशनसँगको आफ्नो अनुभव र संस्थाले शैक्षिक यात्रामा पुऱ्याएको सहयोगका बारेमा चर्चा गर्नुभएको थियो।

कार्यक्रमको विशेष क्षणमा विगत ३ दशकदेखि नेपाल र नेपाली कृषक तथा समुदायमा पुऱ्याउनुभएको अतुलनीय योगदानको कदर गर्दै ड्यानियल लि लेनीलाई कदरपत्रसहित विशेष सम्मान गरिएको थियो। उहाँले यस संस्थाका विभिन्न कार्यक्रमहरूमा समेत महत्त्वपूर्ण सहयोग पुऱ्याउँदै आउनुभएको छ।

विभिन्न संघसंस्थाका प्रतिनिधिहरूले आफ्नो मन्तव्यमार्फत संस्थालाई बधाई तथा शुभकामना दिएको उक्त कार्यक्रममा प्रमुख अतिथि दिनेशराज सापकोटाले धन्यवाद एवं शुभकामना व्यक्त गर्नुभयो। कार्यक्रमको अन्त्यमा सभापति एवं संस्थाका अध्यक्ष शोश्रीन शर्माले उपस्थित सम्पूर्णमा आभार प्रकट गर्दै कार्यक्रम समापन गर्नुभएको थियो। संस्थाका सचिव सन्तोष धमलाले कार्यक्रमका बारेमा मिडियालाई जानकारी गराउनुभएको थियो।

लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

# कांग्रेसबाट बनेका समानुपातिक सांसदहरु

काठमाडौं/ नेपाली कांग्रेसबाट समानुपातिकतर्फ १७ जना संसदीय राजनीतिकालागि नयाँ अनुहारको रुपमा समेटिएका छन् । २० जनामध्ये तीनजना भने यसअघि नै संसद्मा पुगिसकेका परेका व्यक्तिहरु रहेको बताइएको छ ।अर्जुननरसिंह के.सी., भीष्मराज आङ्देम्वे र चन्द्रकिशोर यादव संसदीय अध्यासमा रहिसकेका नेताहरुको कोटीमा पर्ने पनि बताइएको छ ।

कांग्रेसले १५ जना महिला र पाँच जना पुरुषको सूची निर्वाचन आयोगमा पेश गरेपछि उहाँहरुलाई आयोगले सांसदका रुपमा रहेका भनी जनाउ दिएको छ । के.सी.को नाम खसआर्यतर्फ र आङ्देम्वेको नाम आदिवासी जनजातितर्फबाट निर्वाचित गरिएको हो । त्यसो त कांग्रेसका सहमहामन्त्री र प्रवक्ताको जिम्मेवारी सम्हाली सकेको अनुभव के.सी.सँग रहेको छ । उहाँ अहिले केन्द्रीय सदस्यमा रहनु भएको बताइएको छ ।केसीले यसअघि नै स्वास्थ्यमन्त्री, शिक्षा र आवास तथा भौतिक योजनामन्त्री र शहरी विकास मन्त्रीको जिम्मेवारी सम्हालिसकेको तथा हालको प्रतिनिधिसभा सदस्यमध्ये सबैभन्दा ज्येष्ठ सदस्य हुन सक्ने पनि स्रोतले बताएको छ ।

यसैगरी कांग्रेसले आदिवासी जनजातितर्फ सिफारिसमा पर्नु भएका आङदेम्वे पाँचथरबाट राष्ट्रिय राजनीतिमा सक्रिय रहँदै आउनु भएको छ । उहाँ कांग्रेसका लागि पूर्वी नेपालका प्रभावशाली नेता मानिनु हुने पनि बताइएको छ ।निवर्तमान सहमहामन्त्री आङ्देम्बेले दोस्रो संविधनासभामा संविधान लेखनमा महत्वपूर्ण भूमिका निर्वाह गरेको बताइएको छ ।

कांग्रेसका तर्फबाट खसआर्यतर्फमै नेता कालीबहादुर सहकारी पनि सांसद बन्नु भएको छ । कालिकोटको नरहरिनाथ गाउँपालिका घर भएका सहकारी कांग्रेसको कर्णाली प्रदेश कार्यसमितिमा उपसभापतिको जिम्मेवारीमा रहनु भएको छ ।

कांग्रेसले आदिवासी जनजातितर्फ महिलाबाट गीताकुमारी सेन्दाङ, रेनुका काउचा, गंगालक्ष्मी अवाल, गीता गुरुङलाई सांसद बनाएको छ । उहाँहरू



चारै जना संघीय संसद्का लागि 'नयाँ' रहेको पनि बताइएको छ । नेपाल महिला संघमा आवद्ध भएर सदस्य, सचिव, उपाध्यक्ष हुँदै सेन्दाङले १० वर्षसम्म ताप्लेजुङमा जिल्ला सभापतिको जिम्मेवारी निर्वाह गरेको बताइएको छ ।

नेतृ काउचा बाग्लुङको गलकोट नगरपालिकाकी पूर्व उपप्रमुखरहेको बताइएको छ । उहाँ स्थानीय तह निर्वाचन २०७४ मा नगरपालिकाको उपप्रमुखमा निर्वाचित भएकी बताइएको छ । काउचा महिला संघ र जनजाति महासंघको केन्द्रीय सदस्य भइसकेकी व्यक्ति रहेको बताइएको छ ।

यस्तै, आदिवासी जनजातितर्फ महिलाबाट डा. गंगालक्ष्मी अवाल ( भक्तपुर) कांग्रेसकी निवर्तमान केन्द्रीय सदस्य रहनु भएको बताइएको छ । यसैगरी गीता गुरूङ (सोलुखुम्बु) विद्यार्थी राजनीतिमा सक्रिय रही उहाँ हाल नेविसंघको केन्द्रीय सदस्य रहेकी बताइएको छ ।

यस्तै, खसआर्य क्लस्टरमा महिलातर्फ कांग्रेसले रुक्मिणीदेवी कोइराला, रिना उप्रेती, सीता थपलिया र सुशीला ढकाल आचार्यलाई सांसद बनाएको छ ।नेतृ रुक्मणिदेवी कोइराला मोरङको विराटनगर महानगरपालिका वडा नम्बर ६ की बासिन्दा रही महिला संघकी पूर्व केन्द्रीय उपसभापति रहेको बताइएको छ । यसैगरी नेतृ थपलिया कांग्रेसकी निवर्तमान केन्द्रीय सदस्य रहेको बताइएको छ । उहाँनेविसंघकी पूर्वमहामन्त्री पनि रहेको बताइएको छ ।

यसैगरी झापाकी सुशीला ढकाल आचार्य पनि निवर्तमान केन्द्रीय सदस्य रहेको बताइएको छ । सोलुखुम्बुकी रीना उप्रेतीसँग पद्मकन्या क्याम्पसकी पूर्व स्ववियु सभापति रहिसकेको अनुभव छ ।आदिवासी जनजाति (अपाङ्गता) क्लष्टरको पुरुषतर्फ भक्तपुरका नेता मदनकृष्ण श्रेष्ठ पर्नु भएको छ ।

थारु क्लस्टरबाट प्रमिलाकुमारी गच्छदार पर्नु भएको छ । उहाँ कोशी प्रदेश कार्यसमितिमा सहमहामन्त्री रहनु भएको छ ।दलिततर्फ हरिनादेवी कामी, पवित्रा वि.क., मनमाया विश्वकर्मा पनि सांसद बन्नु भएको छ । उहाँ नेपाल तरूण दलकी केन्द्रीय सदस्य हुनु हुन्छ ।यस्तै मकवानपुरकी पवित्रा र झापाकी मनमाया पार्टीको १४ औं महाधिवेशनका प्रतिनिधिहरू रहेको बताइएको छ ।

यसैगरी, मधेशी कोटाको पुरूषतर्फ पुरुषमा चन्द्रमोहन यादव र महिलामा निनुकुमारी कर्ण तथा रेखाकुमारी यादव निर्वाचित हुनु भएको छ । चन्द्रमोहन कांग्रेसका निवर्तमान केन्द्रीय सदस्य रहेको बताइएको छ ।

कांग्रेसबाट मुस्लिम कोटामा शाहजान खातुन पर्नु भएको छ । रौतहटको गौरकी बासिन्दा शाहजानलाई कांग्रेसले स्थानीय तह निर्वाचन २०७९ मा गौर नगरपालिकाको उपप्रमुखको उम्मेदवार बनाएको थियो ।

# जय मातृभूमिको रा.स्व.पा.लाई बधाई

काठमाडौं/ जय मातृभूमि पार्टीले निर्धारित समय भित्रै शान्तिपूर्ण निर्वाचन सम्पन्न गराउने सरकार, निर्वाचन आयोग, आम जनता र पार्टीका उम्मेदवार तथा निर्वाचनमा सक्रियतापूर्वक खट्ने पार्टीका नेता कार्यकर्ताहरुलाई हार्दिक धन्यवाद ज्ञापन गरेको छ ।

त्यसैगरी पार्टीले निर्वाचनमा झण्डै दुई तिहाई मत हासिल गरेको रास्वपालाई बधाई दिँदै आफ्नो वाचापत्रमा कबुल गरेका विषयहरुको जवाफदेहिताको आधारमा राष्ट्रको उज्वल भविष्य निर्माणका लागि अब बन्ने सरकारलाई सफलता मिलोस् भन्दै शुभकामना व्यक्त गरेको छ ।

जय मातृभूमि पार्टीले नेपालवादको अवधारणा लागू गरी मुलुकमा सुशासन कायम गर्दै दिगो आर्थिक विकासको लक्ष्य लिएको र जेन–जी आन्दोलनमा उठाइएका सबै अजेण्डाहरुमा पार्टीका अजेन्डाहरु समान रहेका छन् । यसैगरी हाम्रा अजेण्डाहरुमा रास्वपाले उठाएका अजेण्डा र जारी घोषणापत्रमा धेरै जसो सामन्जस्य नै रहेको छ ।

त्यसैले अब बन्ने रास्वपाको सरकारले इमान्दारितापूर्वक आफूले उठाएका एजेन्डा कार्यान्वयन गरी मुलुकमा लामो समयसम्म व्याप्त कुशासन र अस्थिरताको अन्त्य गरेर मुलुकलाई नयाँ दिशामा अघि बढाएको खण्डमा हाम्रो समर्थन र सहयोग रहने जनाएको छ । गुण र दोषको आधारमा पार्टीले रास्वपा सरकारलाई आवश्यक सल्लाह, सहयोग गर्ने निर्णय समेत पार्टीले गरेको छ ।

यसैगरी नयाँ बन्ने रास्वपा सरकारले अवलम्वन गर्ने परराष्ट्र नीतिप्रति सर्वत्र चिन्ता र चासो लिँदै सामाजिक संजालहरुमा प्रश्न उठिरहेका छन् । चर्चामा रहेको सम्झौताप्रति जनताले उठाएका सवालहरुमा अब बन्ने रास्वपाको सरकारले विचार पुऱ्याउने नै छ । संयुक्त राष्ट्र संघको वडापत्रको आधारमा स्थापित अन्तर्राष्ट्रिय सम्वन्धलाई घनिभूत पार्दै राष्ट्रको स्रोत साधन र ऊर्जालाई उच्चतम् सदुपयोग गरी अल्प अवधिमा राष्ट्रलाई सबल, समृद्ध र उन्नतशील बनाउन नयाँ आउने सरकारलाई वृहत सफलता मिलोस् भनी पार्टीले शुभकामना व्यक्त गरेको छ । प्रेस विज्ञप्तिमा महासचिव गोविन्द गिरीले हस्ताक्षर गर्नु भएको छ ।

# A Strong Heart

Hummingbirds are the smallest birds in the world, averaging 3 to 4 inches in length, with weights ranging from 2 to 20 grams. They are generally 4.5–20 cm in length and yet can reach speeds of up to 60mph. The Bee Hummingbird is the smallest, measuring just over 2 inches and weighing less than 2 grams. Hummingbirds are the only bird family capable of hovering for extended periods of time. Their specially adapted wings rotate from the shoulder in a horizontal figure-eight motion to generate lift while remaining stationary in the air. A hummingbird's unique flight style allows it to fly forward, backward, and even upside down with great agility. The Hummingbird heart weigh's a fraction of an ounce yet it beats 800 times a minute. However, in a stark contrast, the Blue whale represents the other end of the spectrum. It is the largest known animal to have ever lived, reaching lengths of up to 100 feet and weighing up to 200 tonnes. These marine mammals are found in all oceans and are actually light grey, appearing blue-grey underwater. They are considered an endangered animal, with only 10,000-25,000 estimated worldwide. Which mainly feed on krill. The heart of a Blue whale weighs half a tonne, and it only beats 10 times per minute however, it can be heard 2 miles away!



In contrast to either, humans can't hover or fly backwards. The average weight of a Nepalese man is a mere 13kg and height approximately 5 feet 5 inches. The human heart seems dully functional, as it doesn't beat quickly nor overly slowly, it is just perfectly formed for mankind. It beats 65 to 70 times a minute which means around 100,000 times a day, pumping roughly 2,000 gallons of blood through 60,000 miles of vessels, providing oxygen and nutrients to the entire body except the cornea. The amazing heart so thoroughly powers us through life that it has become a metaphor for our overall inner well-being. A very well-known proverb says 'to have your heart in the right place' which means to be well intentioned, in doing or saying something.

Yet, both are literal and metaphorical hearts are prone to failure. It is estimated that 107 people died every minute across the world. What can we do? The psalmist Asaph, a worship leader of Israel, acknowledged in Psalm 73 that true strength comes from somewhere or to be more exact from someone else. He wrote in Psalm 73 verse 26 'My flesh and my heart faileth: *but* God *is* the strength of my heart, and my portion for ever.' On many occasions men try to find solutions themselves but Asaph was right. The living God is our ultimate and eternal strength. As the maker of heaven and earth, he knows no such limitations to his perfect power.

JANASHAKTI
By HR Capital Nepal




FOREVER YOUNG
Rising Mall, Ground Floor, Shop No. G-9
Durbar Marg, Kathmandu
9845473779
www.foreveryoung.com.np
www.facebook.com/4everyoungstore
foreveryoung.store

सुन चाँदीका गहनाका लागि
हामीलाई सम्झिनु होस्
विवाह, पास्नी लगायतका कुनै पनि खाले मांगलिक कार्यका लागि चाहिने गरगहनाका लागि हामीलाई सम्झिनु होस् ।
तपाईहरुको सेवामा हामी तयार छौं, काठमाडौंको मुटु मैतीदेवी चोक, काठमाडौंमा ।
सुन, चाँदी तथा हिराका तयारी गहनाहरुका अतिरिक्त तपाईँहरुको चाहना, डिजाइन अनुसारका गहना बनाउनका लागि हामी सेवामा हाजिर छौं ।


न्यु बुद्ध गहना गृह
मैतीदेवीचोक (श्रेष्ठ टेलरिङसँग), काठमाडौं
फोन नं.०१४५३४७५५, ९८१३६५२९१८

लोकतन्त्रप्रति पूर्ण समर्पित

साप्ताहिक

नयाँ विमर्श

Naya Bimarsha Weekly

# कानून व्यवसायी महिलाहरूको राष्ट्रिय सम्मेलन भक्तपुरमा

**सन्जिब दुलाल**

भक्तपुर/ नेपाल बार एशोसिएशनको आयोजनामा कानूनव्यवसायी महिलाहरूको ३२औं राष्ट्रिय सम्मेलन भक्तपुरमा आज शुक्रबारदेखि आयोजना हुने भएको छ।

"महिलाको समानुपातिक समावेशिता : परिवर्तित र न्यायपूर्ण समाजको सुनिश्चितता" भन्ने मूल नारासहित सञ्चालन हुने सम्मेलन भोलि शनिबारसम्म संचालन हुने आयोजकले जनाएको छ।

भक्तपुर जिल्ला अदालत बारको आतिथ्ययतामा हुने उक्त सम्मेलनमा देशभरका कानूनव्यवसायी महिलाहरूको व्यापक सहभागिता रहने अपेक्षा गरिएको छ। भक्तपुरमा आयोजना हुने उक्त सम्मेलनमा देश भरका महिला कानूनव्यवसायीहरूको सहभागिता हुने नेपाल बार एशोसिएशन भक्तपुरका अध्यक्ष रामसुन्दर खाइतुले जानकारी दिनुभयो। उहाँका अनुसार सम्मेलनमा बारमा आवद्ध सम्पूर्ण कानून व्यवसायीहरू वरिष्ठ अधिवक्ता, अधिवक्ता, अभिवक्ताका साथै नेपाल बार एशोसिएशनका पूर्व पदाधिकारी तथा सदस्यहरूलाई सक्रिय सहभागिताका लागि उहाँले आग्रह गर्नुभएको छ।

भक्तपुरमा हुने उक्त सम्मेलनले नेपालमा महिला अधिकार तथा "महिलाको समानुपातिक समावेशिता : परिवर्तित र न्यायपूर्ण समाजको सुनिश्चितता" सम्बन्धमा घोषणापत्र पनि जारी हुने अपेक्षा लिइएको उहाँले जानकारी दिनुभयो। यस्तै, कार्यक्रमको सम्पूर्ण तयारी पूरा भएको बारका सचिव अनीश सुवालले जानकारी दिनुभयो।

६ गते अर्थात आज शुक्रबार विहान भक्तपुरको दत्तात्रय मन्दिरबाट प्रभात फेरी निकालेर कार्यक्रमको शुरु गरिने समेत उहाँले जानकारी दिनुभयो। प्रभात फेरी दत्तात्रयहुँदै ख्वप बैंक्वैट नगरकोट रोडमा पुगेर उद्घाटन हुने र दोस्रो दिन भक्तपुर जिल्ला अदालतको सभा कक्षमा विभिन्न विषयहरूमा विषय विज्ञका साथमा छलफल हुने उहाँले जानकारी दिनुभयो।

आयोजकले सम्मेलनमा सहभागी हुने सबैलाई अनिवार्य रूपमा कालो कोटसहित मर्यादित पहिरनमा उपस्थित हुन आग्रह गरेको छ। सम्मेलनले महिला कानून व्यवसायीहरूको भूमिका, समानुपातिक समावेशिता तथा न्यायपूर्ण समाज निर्माणमा उनीहरूको योगदानबारे महत्त्वपूर्ण छलफल गर्ने विश्वास लिइएको छ।

## २०८२ ...

**२. राजनीतिक अस्थिरताको तथ्य**

नेपालको लोकतान्त्रिक यात्राको एउटा ठूलो समस्या राजनीतिक अस्थिरता हो।

२०४८ यता नेपालमा ३० भन्दा बढी सरकार बनेका छन्।औसत रूपमा एउटा सरकारको आयु १.५ वर्षभन्दा कम रहेको छ। यसले नेपालमा सरकार सधैं अस्थिर रहेको स्पष्ट गर्दछ। यसलाई तुलनात्मक रूपमा हेर्ने हो भने नेपालमा १-१.५ वर्ष, भारतमा४-५ वर्ष र बंगलादेशमा४-५ वर्ष सरकार चल्ने गरेको देखिन्छ। सरकारको यस्तो अस्थिरताले दीर्घकालीन नीति कार्यान्वयनमा गम्भीर असर पार्छ।

**३. आर्थिक विकासको तुलनात्मक अवस्था**

राजनीतिक स्थिरता र आर्थिक विकासबीच गहिरो सम्बन्ध हुन्छ। दक्षिण एशियाका केही मुलुकसँग तुलना गर्दा नेपालको अवस्था स्पष्ट देखिन्छ।

कुल ग्राहस्थ उत्पादन वृद्धि (पछिल्लो दशक) लाई आधार मानेर हेर्ने हो भने नेपालमा ४-५ %, भारतमा ६-७ %, बंगलादेशमा६-७.५ % र भियतनाममा६-७ % रहेको देखिन्छ।

नेपालको अर्थतन्त्र करिब ४०-४५ अर्ब डलरको आसपास रहेको अनुमान गरिन्छ।यस अवधिमा बंगलादेशले बस्त्र उद्योगको विकासमार्फत निर्यात उल्लेखनीय रूपमा बढायो भने भियतनामले उत्पादन र विदेशी लगानी आकर्षित गर्दै तीव्र आर्थिक प्रगति हासिल गरेको देखिन्छ।

नेपालमा भने राजनीतिक अस्थिरता, कमजोर नीति निरन्तरता र प्रशासनिक जटिलताले समस्या पार्ने गरेको छ। यसको प्रत्यक्ष असर आर्थिक सम्भावनालाई पूर्ण रूपमा उपयोग गर्न कठिन बनाएकोले पनि देखिएको छ।

**४. परिवर्तन र नयाँ चेतना**

२०८२ को निर्वाचन परिणामलाई सामाजिक परिवर्तनसँग पनि जोडेर हेर्नुपर्छ।नेपालको जनसंख्यामा अहिले ठूलो हिस्सा युवाहरूको छ।नेपालमा ४० वर्षभन्दा कम उमेरका नागरिकको हिस्सा करिब ६० प्रतिशतभन्दा बढी छ।हरेक वर्ष ५ लाखभन्दा बढी युवा रोजगारीको खोजीमा श्रम बजारमा प्रवेश गर्छन्।वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या पनि उच्च रहेको छ।युवापुस्ताले अब केवल राजनीतिक नाराभन्दा परिणाम, रोजगारी र अवसर चाहिरहेका छन् । यही परिवर्तनले नयाँ राजनीतिक विकल्पप्रति समर्थन बढाएको देखिन्छ।

**५. परम्परागत दलहरूको चुनौती**

२०७४ देखि २०८२ सम्मको चुनावी प्रवृत्तिले एउटा स्पष्ट संकेत दिएको छ कि परम्परागत दलहरूको जनाधार क्रमशः कमजोर हुँदै गएको छ।यसका मुख्य कारणहरू यस्ता देखिन्छन् :

नेतृत्वमा पुस्तान्तरणको अभाव

आन्तरिक लोकतन्त्र कमजोर हुनु

सत्ता केन्द्रित राजनीतिक संस्कृतिको निरन्तरता

जनतासँगको दूरी बढ्नु

यदि यी दलहरूले अब गम्भीर सुधार गर्न सकेनन् भने भविष्यमा उनीहरूको राजनीतिक प्रभाव अझ संकुचित हुन सक्छ।

**६. अबको राजनीतिक दिशा**

२०८२ को जनादेशले नेपालको राजनीतिलाई नयाँ अवसर दिएको छ। त्यो अवसरलाई उपलब्धिमा रूपान्तरण गर्न स्पष्ट दिशा आवश्यक हुन्छ।पहिलो, सुशासन र भ्रष्टाचार नियन्त्रण। जनताको सबैभन्दा ठूलो अपेक्षा यही क्षेत्रमा छ।दोस्रो, आर्थिक केन्द्रित राजनीति।ऊर्जा उत्पादन, पर्यटन विस्तार, कृषि आधुनिकीकरण र सूचना प्रविधि क्षेत्रमा दीर्घकालीन रणनीति आवश्यक छ।तेस्रो, संस्थागत सुधार।बलियो संसद, स्वतन्त्र न्यायपालिका र व्यावसायिक प्रशासन बिना लोकतन्त्र प्रभावकारी बन्न सक्दैन ।चौथो, संघीयताको प्रभावकारी कार्यान्वयन ।

प्रदेश र स्थानीय सरकारलाई पर्याप्त अधिकार र स्रोत उपलब्ध गराउन सकेमा विकासको गति बढ्न सक्छ ।

***निष्कर्ष***

२०८२ को निर्वाचनले नेपालको राजनीतिक इतिहासमा एउटा महत्वपूर्ण सन्देश दिएको छ। यसलेनेपाली जनता अब परिणाममुखी राजनीति चाहन्छन् । जनताले परिवर्तनको ढोका खोलिदिएका छन् तर त्यो परिवर्तन स्वतः हुने छैनभन्ने संकेत गरेको हो।

यदि राजनीतिक नेतृत्वले यस अवसरलाई सुशासन, आर्थिक विकास र संस्थागत सुधारमा रूपान्तरण गर्न सके भने नेपाल नयाँ राजनीतिक युगतर्फ अघि बढ्न सक्छ।अन्यथा इतिहासले देखाएको जस्तै, जनादेश बदलिन धेरै समय लाग्दैन, तर विश्वास गुम्न भने एक क्षण नै पर्याप्त हुन्छ। अतः अबको सरकार करिब दुई तिहाइको नजिक रहेको अवस्थामा उक्त सरकारले जनहितका पक्षमा काम गर्नुपर्ने हुन्छ।

अरुलाई औंला ठड्याउने कार्य रा.स्व.पा.ले गर्दै आएको थियो। ऊ अरुलाई प्रश्न गर्ने ठाउँमा उभिँदै आएको थियो। अब यो दलको अवस्था फेरिएको छ। अब प्रश्न गर्ने ठाउँबाट जवाफ दिने ठाउँमा पुगेको छ। यो कुराको हेक्का राखेर जनहितका पक्षमा उभ्याउन सक्नु पर्ने अवस्थामा रा.स्व.पा. छ।

## रास्वपालाई ...

सरकारले कसरी उनीहरुलाई स्वदेश फर्काउँदो रहेछ ? हेर्न बाँकी छ। उता, एकदमै समस्या भयो र नेपाल फर्किन पाइएन भने तिनले पनि गाली गर्न थालिहाल्छन्।

जनतालाई रास्वपाको सरकार बन्यो भने चामत्कारिक विकास हुन्छ भन्ने भ्रम छ। त्यो सम्भव छैन। रवि स्वयमूले पनि चुनाव जितेपछि बत्तीको स्विच थिचेजस्तो परिवर्तन नहुने घोषणा गरिसकेका छन्। यसले नै रास्वपाले जनतालाई झुक्यायो भन्ने प्रष्ट हुन्छ। यही देशमा रहेको स्रोतसाधनको सदुपयोग गरेर काम गर्नुपर्छ।

मुखले भट्याएजस्तो काम गर्न सहज छैन। तात्कालीन प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीको सरकारले २६ वटा सामाजिक सञ्जालमा प्रतिबन्ध लगाएको फाइदा रास्वपाले लिएको हो। रवि र बालेनले लिएका हुन्। उनीहरुको योजनामा देशमा यत्रो आतंक मच्चियो। तात्कालीन प्रधानमन्त्री ओलीसहित अन्य नेतालाई लखेटियो, कुटियो।

अब तिनले कुटाइ खाँदैनन्, लखेटिनन् ? काम गर्न सकेन भने त्यस्तै हालत रवि र बालेनको हुन्छ। नेपालमा पेट्रोल र डिजेलबाट चल्ने सवारी साधन करोडको संख्यामा दर्ता भइसकेको छ। एउटा सवारी साधनमा पाँच लाखदेखि २४ करोडसम्म लगानी गरिएको छ। पेट्रोल र डिजेल नपाउनेबित्तिकै सबै गाडी थन्किन्छ।

तिनमा गरिएको लगानी बालुवामा पानी हुन्छ। अनि तिनले विरोध गर्छन् कि गर्दैनन् ? मुलुकमा १९ तलासम्मको घर छ। ती घर पूरै भाडामा लगाइएको छ। भाडामा बस्ने हरेकले ग्यासको प्रयोग गर्छन्। श्रीलंकामा ग्यास र इन्धन नपाएपछि, महंगी बढेपछि त्यहाँका जनताको आक्रोश सडकमा पोखियो।

त्यो आक्रोशले सरकार उथलपुथल पऱ्यो। राष्ट्रपति देश छोडेर भाग्नुपऱ्यो। त्यहीँ स्थिति यहाँ नआउँला भन्न सकिन्न। जनताले सबै खेप्न सक्छन्, भोक खेप्न सक्दैनन्। विकास भन्ने चीज बिस्तारै गर्दै गए पनि हुन्छ तर खाना त चाहियो ? ग्यास नै नभएपछि खाना केमा पकाउने ?

काममा कसरी जाने ? नेपालमा उत्पादन शून्यबराबर छ। अहिले नै तेलको भाउ आकाशिसकेको छ। अन्य सामानको पनि मूल्यवृद्धि हुँदै जान्छ। जनतामा आक्रोश बढ्छ। त्यो आक्रोश सरकारले थेग्न सक्ला ?भनिन्छ नि,'मान्छेको सुःखसँगै दुःख पनि आउँछ।' बालेन र रविको हकमा त्यहीँ हुने देखिएको छ।

काँग्रेसले २०१५ सालमा दुईतिहाई जितेको थियो। २०४८ र २०५१ मा कांग्रेसले बहुमत पाएको थियो। सरकार चलाउन नसकेपछि मध्यावली घोषणा गऱ्यो। त्यतिबेला अहिलेको जस्तो अवस्था थिएन। न ग्यास चाहिन्थ्यो न इन्धन। न विदेशमा नेपाली अड्किएका थिए।

सरकार सञ्चालन गर्न सकेनन्। अनि रास्वपाले चलाउँछ ? काँग्रेसमा निकै खारिएका नेता थिए। १९९६ देखि राणाले शासन हातमा लियो। २००७ सालमा राणाको हातबाट सत्ता खोसेर सरकार बनाइयो तर के भयो ? काम गर्न सकेनन्। पटकपटक संसद् विघटन भयो।

रास्वपाका नेताहरु आलाकाँचा छन्। उनीहरुमा नेता हुने गुण देखिँदैन। काम नगर्ने तर भीडलाई उक्साउने क्षमता भएकाहरुले रास्वपा भरिएको छ। सभापति स्वयम् अमेरिकादेखि नेपालसम्म दर्जनौं मुद्दा खेपिरहेका छन्। त्यस्तालाई जनताले मत दिएर जिताएका छन्। उता, बालेन जनता सामुन्ने पर्दै पर्दैनन्।

फेसबुकमा अन्टसन्ट लेख्न जानेका छन् तर त्यसले देश चल्दैन। देश बनाउने व्यक्ति सभ्य, शालीन, धैर्य, राजनीति, कूटनीति बुझेको हुनुपर्छ। घण्टीमा भोट हाल्नेहरु अधिकांश प्रदेश खारेजी, प्रत्यक्ष निर्वाचित राष्ट्रपति र प्रधानमन्त्रीका लागि मतदान गरेको बताउँछन्। घोषणापत्रमा त्यस्तो केही उल्लेख छैन।

भोट दिनुअघि घोषणापत्र पढ्नुपर्छ कि पर्दैन ? अनि भोलि गरेन भनेर रोइलो गर्न मिल्छ ? पहिले त पढ्नुपर्छ, अध्ययन गर्नुपर्छ अनि मात्र मतदान। लहैलहैमा लागेर भटाभट मतदान गरियो। अनि जनता कहाँ शिक्षित भए ? बुढापाकाले पढेर मात्र हुँदैन भन्थे, वास्तवमै हो रहेछ।

राष्ट्रियसभामा सबै एमाले, काँग्रेस, नेकपा, मधेशी दलका सांसद छन्। प्रतिनिधिसभाको रास्वपाको दुईतिहाई आएकै भएतापनि राष्ट्रियसभाले पारित नगरिकन विधेयक अगाडि बढ्दै बढ्दैन। पहिले जनताले कानून त बुझ्नुपऱ्यो। राष्ट्रियसभामा दलगत सांसद् भएसम्म रास्वपाको इच्छा पूरा हुने देखिँदैन।

रास्वपाले जसोतसो दुईतिहाई पुऱ्याएर संविधान संशोधन गरेतापनि राष्ट्रियसभामा एक जना पनि सांसद छैनन्। विधेयक कसरी बन्छ ? कानून कसरी बन्छ ? जनतालाई थाहा छैन ? देशमा सातवटा प्रदेश छ। त्यसमध्ये चारवटा प्रदेशका सांसदले बहुमतले प्रदेश खारेजी भनी पारित गर्नुपर्छ।

रास्वपाले चाहँदैमा प्रदेश खारेज हुँदैन। दुइटै सदनबाट पास भए पनि त्यसअघिको निर्णय राष्ट्रपतिको हुन्छ। राष्ट्रपतिले चाहेमा होल्ड गरिदिन सक्छन्। रास्वपालाई काम गर्न सहज छैन। नेपालको संविधान, २०७२ मा के-के लेखेको छ ? न मतदातालाई थाहा छ न बालेन र रविलाई। रास्वपा बर्खामा आएको भलजस्तै हुने पक्का छ।

## डा. राउतले ...

निर्वाचनमा पराजित बन्न पुगेका छन्।

मधेश आन्दोलनको नाममा उदाएका क्षेत्रीय दलहरु जनता समाजवादी दलका अध्यक्ष उपेन्द्र यादव, लोकतान्त्रिक पार्टी (लोसपा) राजेन्द्र महतोलगायतका दलहरुको सटर पनि यो निर्वाचनले बन्द गरिदिएको छ। लोसपाका अध्यक्ष महन्थ ठाकुर राष्ट्रियसभामा सिट सुरक्षित गरे पनि उनको पार्टीका शरतसिंह भण्डारीलाई पनि जनताले पत्याएनन्।

यसबाहेक राष्ट्रिय मुक्तिमोर्चाका अध्यक्ष राजेन्द्र महतो र नयाँ शक्ति समाजवादी पार्टीलाई नेकपामा विलय गराई चुनाव लडेका महेन्द्रराय यादव पनि चुनावमा पराजय भै अस्तित्वविहीन बन्न पुगेका छन्।

उता, थारु आन्दोलनको नाममा संसदीय राजनीतिमा उदाएका रञ्जिता श्रेष्ठ चौधरीको पार्टी नागरिक उन्मुक्ति र श्रीमान्-श्रीमतीलाई पनि राष्ट्रिय स्वतन्त्र पार्टीको हावाहुरीले बढारेको छ।

यसरी २०७९ सालको निर्वाचनमा उदाएका दलहरुको नाम र अस्तित्व समाप्त हुँदा पूर्वमा हर्क साम्पङको श्रम संस्कृति पार्टीले प्रत्यक्षमा ३ सिट र समानुपातिकमा ४ सिट जितेर प्रतिनिधिसभामा पाँचौ ठूलो दल बन्न पुगेको छ। हरेक निर्वाचनमा उदाउने गरेका नयाँ पार्टीले भविष्यमा जनताका समस्या र मागलाई कसरी सम्बोधन गर्ने हुन त्यो भविष्यले बताउने छ। ५ वर्षलाई मधेशी जनतालाई मोहरा बनाएर स्वार्थपूर्ति गर्दै आएका मधेशवादी दलहरुको बार्गेनिङबाट मुलुकले छुटकारा पाएको जानकारहरुले बताएका छन्।

## काँग्रेसको ...

उदाहरणको लागि भक्तपुर निर्वाचन क्षेत्र नं. २ को जनप्रेमी मतदान केन्द्रमा कूल खरेको ४२ सय बढी मतमध्ये २५ सय बढी मत घण्टीमा परेको श्रोतले जानकारी दिएको छ। मध्यपुर थिमी न.पा. वडा नं. ३ कौशलटारलाई काँग्रेसको गढ मानिने गरिन्थ्यो। कौशलटारका काँग्रेस नेता जगन्नाथ आचार्यको जन्मस्थान भएको ठाउँ हो। यस क्षेत्रमा आचार्य र सिलवालहरुको पकड रहेको छ। यसपाली बाहिरबाट यहाँ आई बसोबास गरेका र यहीँका रैथानेहरुको समेत भोट घण्टीले तान्न सफल भयो।

यो भनेको पुराना दलप्रति जनताले गरेको व्यालेट विद्रोह हो। यस्ता विद्रोहहरु धेरै ठाउँमा भएका छन् भने वर्षमा ३६४ दिन काँग्रेस बनेर १ दिन घण्टी काँग्रेस बनेकाहरुले पार्टीप्रति गरेको आक्रोश र असन्तुष्टिको परिणाम हो। अब यसतर्फ विचार नपुऱ्याए काँग्रेस प्रजापरिषद् बन्ने जानकारहरुले बताएका छन्।

## आदर्शलाई ...

थप विवाद आएको चर्चा छ। राष्ट्रियसभाको रिक्त एकजना सांसद पदमा अर्थमन्त्रीमा कुशलतापूर्वक जिम्मेवारी निर्वाह गर्नु भएका रामेश्वरप्रसाद खनाललाई पठाउने चर्चा चलेको थियो। नयाँ बन्न लागेको अर्थमन्त्रीका उम्मेदवार डा. स्वर्णिम वाग्ले एवं उहाँको समूहले असन्तुष्टि जनाएपछि गृहमन्त्री अर्याललाई पठाइएको जानकारहरुले बताएका छन्।

उता, सर्वोच्च अदालत आइटी शाखामा कर्मचारी हुँदादेखि नै विवादमा तानिएका श्रेष्ठले सर्वोच्च अदालतका पूर्वप्रधानन्यायाधीशहरु रामकुमारप्रसाद साहदेखि सुशीला कार्कीसम्म नजिकको सम्बन्ध बनाएका कारण प्रधानमन्त्री कार्कीले स्वकीय सचिवको जिम्मेवारी दिएको श्रोतले बताएको छ। गत २०८२ असोज २ गते स्वकीय सचिव श्रेष्ठले आफ्नी श्रीमती संगीता श्रेष्ठलाई सहसचिव स्तरको स्वकीयका रुपमा नियुक्त गरेपछि विवादमा तानिएको अवस्था थियो।

यस्तो अवस्थामा पनि प्रधानमन्त्री कार्कीले संरक्षण गरेपछि विरोध गर्नेहरुलाई हटाइएको थियो। स्वकीय सचिव श्रेष्ठले श्रीमती, साली र विभिन्न निकायका नियुक्तिमा चलखेल गरेपछि जेनजी प्रतिनिधिहरुका रुपमा नियुक्ति पाएका आकृति घिमिरे, प्रदीप ज्ञवाली र जेम्स कार्की लगायतका ११ जनालाई जागिरबाट निकाल्ने कार्य त्यो बेला कार्कीले गर्नु भएको थियो।

यिनै विवादमा रमाउँदै आइरहेका श्रेष्ठलाई विज्ञता र अनुभव एवं योग्यता विना राख्न नहुने भन्दै म्याग्दीबाट स्वतन्त्र सांसद जितेका महावीर पुन, गुल्मी १ बाट रास्पपा सांसद बनेका सागर ढकालदेखि जेन्जी अभियन्ता तनुजा पाण्डे, रक्षा बलहरुले निर्णय सच्याउन माग गर्दै आइरहेका छन्। यसबाहेक पूर्व शिक्षामन्त्री सुमना श्रेष्ठले पनि सामाजिक सञ्जालमार्फत आलोचना गरेको बताइएको छ।

यस्तो हुँदा पनि प्रधानमन्त्री कार्की र स्वकीय सचिव श्रेष्ठले कानमा कपास कोचेर बसेको बताइएको छ।

## गगनको ...

तुलनात्मक रूपमा सुधारमुखी र युवा-केन्द्रित बनाउने संकेत देखिएको थियो। उहाँको बहिर्गमनसँगै त्यो अजेन्डा कमजोर हुने कि संस्थागत रूपमा अघि बढ्ने भन्ने प्रश्न खुला छ। यदि पार्टी फेरि पुरानै शैली–सम्झौता, सन्तुलन र शक्ति बाँडफाँट–तर्फ फर्कियो भने यो राजीनामा केवल व्यक्तिको परिवर्तनमा सीमित रहनेछ। यदि यसलाई सुधारको अवसरका रूपमा लिइयो भने संगठनात्मक पुनर्संरचना सम्भव हुन सक्छ।

तुलनात्मक रूपमा हेर्दा, कांग्रेसको इतिहासमा नेतृत्व संकट नयाँ होइन। २०५० र २०६० को दशकमा देखिएका आन्तरिक विभाजन, २०६२/६३ पछिको पुनर्संरचना र २०७४ पछिको चुनावी झट्काले पार्टीलाई बारम्बार पुनर्गठनको अवस्थाबाट गुजारेका छन्। ती अधिकांश परिवर्तनहरू बाह्य दबाब वा चुनावी परिणामका कारण भएका थिए। अहिलेको अवस्था भने आन्तरिक नैतिक निर्णयबाट शुरु भएको देखिन्छ, जुन यसको विशिष्टता पनि हो र अनिश्चितता पनि।

संसदीय राजनीतिमा कांग्रेसको भूमिका पनि यसबाट प्रभावित हुनसक्छ। २०७९ को प्रतिनिधिसभा निर्वाचनमा करिब ८९ सिटसहित प्रमुख दलका रूपमा रहेको कांग्रेसले सरकार गठन र सञ्चालनमा महत्वपूर्ण भूमिका खेलेको छ। नेतृत्व अस्थिरताले सरकारसँगको समन्वय, नीति निर्माण र संसदीय रणनीतिमा असर पार्न सक्छ। विशेषगरी गठबन्धन राजनीतिमा नेतृत्वको स्पष्टता अत्यन्त आवश्यक हुने भएकाले यो अवस्थाले सरकारको स्थायित्वमा समेत परोक्ष प्रभाव पार्न सक्ने देखिन्छ।

जनस्तरमा यसको प्रभाव मिश्रित हुनसक्छ। एकातिर, नैतिकताको आधारमा गरिएको राजीनामाले राजनीतिक संस्कृतिमा सकारात्मक सन्देश दिन सक्छ, जसले घट्दो जनविश्वासलाई केही हदसम्म पुनर्जीवित गर्न सक्छ। अर्कोतर्फ, यदि यसपछि पार्टीभित्र विवाद, ढिलाइ र अस्थिरता बढ्यो भने जनतामा "कांग्रेस अझै पनि आफूलाई व्यवस्थापन गर्न नसक्ने अवस्थामा छ" भन्ने धारणा बलियो हुन सक्छ।

अब मुख्य प्रश्न भनेको–थापापछि कांग्रेस कस्तो हुन्छ? छोटो अवधिमा पार्टी तीन सम्भावित बाटोमध्ये कुनै एकतर्फ जान सक्छ। पहिलो, सहमतिमूलक नेतृत्व चयन गरी स्थिरता कायम गर्ने, जसले पार्टीलाई तात्कालीन संकटबाट बाहिर निकाल्न सक्छ। दोस्रो, प्रतिस्पर्धात्मक र विवादास्पद नेतृत्व चयन प्रक्रियामा प्रवेश गर्ने, जसले आन्तरिक विभाजनलाई गहिरो बनाउन सक्छ। तेस्रो, अस्थायी व्यवस्थापनमा लामो समय अल्झिने, जसले संगठनात्मक कमजोरीलाई अझ प्रष्ट बनाउनेछ।

दीर्घकालीन रूपमा भने यो घटना कांग्रेसका लागि "टेस्ट केस" बन्न सक्छ–के यो दल व्यक्तिनिर्भर संरचनाबाट संस्थागत ढाँचातर्फ अघि बढ्न सक्छ? के नेतृत्व परिवर्तनलाई नियमित र पारदर्शी बनाउन सक्छ? सबैभन्दा महत्वपूर्ण, के यसले युवा र पुराना पुस्ताबीचको दूरी घटाउन सक्छ?

थापाको राजीनामाले एउटा शून्यता मात्र सिर्जना गरेको छैन, यसले कांग्रेसलाई आफ्नो चरित्र, संरचना र भविष्यबारे पुनःपरिभाषित गर्ने मोडमा उभ्याएको छ। अबको केही हप्ता र महिनामा पार्टीले लिने निर्णयहरूले यो घटना इतिहासमा केवल एउटा "नैतिक कदम" का रूपमा सीमित रहनेछ कि संस्थागत रूपान्तरणको शुरुवातका रूपमा दर्ज हुनेछ भन्ने निर्धारण गर्नेछ।

थापाको राजीनामा आउनुमा उहाँमा नैतिकता देखिनु हो भन्ने धारणा अधिवक्ता चन्द्रप्रसाद लुइँटेल राख्नु हुन्छ। उहाँका अनुसार सभापति थापाको राजीनामा अस्वीकृत हुने अवस्था आउन सक्छ। यसलाई केन्द्रीय समितिको बैठकले अस्वीकृत गरी नियमित महाधिवेशनतर्फ जाने निर्णयमा कांग्रेस पुग्न सक्ने धारणा अधिवक्ता लुइँटेलको छ।

कांग्रेसको विधान अनुसार सभापतिको राजीनामा स्वीकृत गर्ने अधिकार केन्द्रीय कार्यसमितिमा हुन्छ।सभापतिले उपसभापतिमार्फत लिखित रूपमा राजीनामा पेश गरेको अवस्थामा त्यसमाथि छलफल गर्न केन्द्रीय कार्यसमितिको बैठक बोलाइन्छ। त्यो बैठकले बहुमतद्वारा राजीनामा स्वीकृत वा अस्वीकृत गरिन्छ। स्वीकृत भएमा कार्यवाहक सभापति चयन गरिन्छ वा नयाँ निर्वाचनको प्रक्रिया शुरु हुन्छ। यदि राजीनामा अस्वीकार गऱ्यो भने थापालाई पुनः पदमा फर्कन आग्रह गर्न सकिन्छ।

कांग्रेसको विधानमा माथिको अवस्थाबाट राजीनामा प्रक्रियाको टुंगो लाग्ने अवस्था रहन्छ। थापाको व्यक्तिगत स्वभावसँग परिचित एक केन्द्रीय सदस्यले नाम नछाप्ने सर्तमा भन्नु भयो, 'नैतिक कारण देखाउँदै सभापतिले राजीनामाको पक्षमा अडान लिने सम्भावना पनि उत्तिकै रहन्छ।'

थापा गत पुसमा भएको विशेष महाधिवेशनबाट सभापतिमा चयन हुनु भएको हो। केही महिना भित्रै नियमित महाधिवेशन गराउने दायित्व हालको नेतृत्वसँग रहेको अवस्थामा थापाको राजीनामा समाधान नहुने धारणा अर्का अधिवक्ता भुवन डोटेल राख्नु हुन्छ। उहाँकै नेतृत्वमा नियमित महाधिवेशन गराई कांग्रेसलाई नयाँ नेतृत्वसहित पुनर्जीवित बनाउने दिशामा कांग्रेसजन जानु उचित हुने धारणा अधिवक्ता डोटेलको छ।

आजदेखि बस्ने कांग्रेसको केन्द्रीय कार्यसमितिको बैठकले राजीनामा दिएकोमा धन्यवाद दिंदै त्यसलाई अस्वीकृत गर्ने निर्णयमा कांग्रेस पुग्ने विश्लेषण पनि गरिन थालिएको छ। यसैगरी यो बैठकले नियमित महाधिवेशनको प्रक्रियालाई अघि बढाउने निर्णय पनि गर्ने संभावना रहेको कांग्रेस निकट स्रोतले जानकारी दिएको छ।

लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly




# सगरमाथा म्युजिक अवार्डको मनोनयनमा को को ?

काठमाडौं/ सातौं सगरमाथा म्युजिक अवार्ड २०८२ को उत्कृष्ट पाँचको मनोनयन सार्वजनिक भएको छ। 'नेपाली कला र श्रष्टाको सम्मान, नेपाली संस्कृति संरक्षण र प्रवर्द्धन हाम्रो अभियान' भन्ने मूल नाराको साथ अर्थ नेपाल प्रा.लि.ले आयोजना गरेको अवार्डमा २४ विधामा उत्कृष्ट ५ जना सार्वजनिक गरिएको हो।

जुरी र आयोजक समितिको निर्णयको आधारमा उत्कृष्ट पाँच छनोट गरेको अवार्ड आयोजक संस्था अर्थ नेपाल प्रा.लि.द्वारा जारी विज्ञप्तीमा जनाइएको छ ।यस अवार्डमा चलचित्र, पप- आधुनिक र लोक तथा दोहोरी विधामा कलाकर्मीहरुले सहभागी जनाएको कार्यक्रम संयोजक मनोज थापाले जानकारी दिनु भएको छ।

सातौं सगरमाथा म्युजिक अवार्ड २०८२ मा नेपाली गीतसंगीतको क्षेत्रमा योगदान पुऱ्याएका एकजना विशिष्ट व्यक्तिलाई लाइफ टाइम अचिभमेन्ट अवार्ड र २५ वर्षभन्दा लामो समयदेखि रंग पत्रकारितामा सक्रिय पत्रकारलाई रजत पत्रकारिता सम्मान प्रदान गरिने कार्यक्रम प्रमुख पुरुषोत्तम बस्नेतले जानकारी दिनु भयो।




नेपाली कला क्षेत्रमा कलम चलाउने पत्रकार र कलाकारलाई सम्मान गरिने पनि जनाइएको छ। सातौं संस्करणको निर्णायकहरुमा कृर्तिमानी संगीतकार सन्तोष श्रेष्ठ संयोजक, कलाकार सनम कठायत, साहित्यकार प्रकाश श्रेष्ठ (मालिका केशरी) र चलचित्रकर्मी देवेन्द्र बजगाइँर आयोजक समिति रहेका छन्।

अवार्डमा मनोनयनमा परेका कलाकर्मीलाई खल्ती एपबाट मत ( भोट) गर्न सकिने पनि जनाइएको छ।







## सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं।

- सबै धर्म, भाषा र संस्कृतिको सम्मान गरौं,
- विविधतामा एकताको भावना विकास गरौं,
- जातीय, धार्मिक तथा क्षेत्रीय विभेद त्यागौं,
- चाडपर्व र उत्सवहरु मिलेर मनाऔं,
- घृणा फैलाउने, अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं,
- संवाद, सहकार्य बढाऔं,
- आपसी समझदारी कायम गरौं,
- शान्ति, सहिष्णुता र भाइचाराको संस्कृति प्रबर्द्धन गरौं।

विविधतामा एकता, सद्भाव र सहिष्णुता।

नेपाल सरकार
विज्ञापन बोर्ड

Chief-Editor/Publisher : Koushal Kumar Bhattarai, Editor : Krishna Lamsal Executive Editor : Piamani Bhattarai, Legal Advisor : Advocate Hari Sharan Jamakatel
Chief Reporter: R. Aryal, International News Coordinator: S. Bhattarai,, I.T. Chief: Spandan Bhattarai, Computer Designer: Roshan Gyewali, Press :- Saptarshi Publication, Mitrapark , Kathmandu
Main Office : Madhyapur Thimi- 3, Bhaktapur, Kathmandu Office-Babar Mahal, Kathmandu, Phone :- 977-1-5367064, Email : nayabimarsha@gmail.com